म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २२८ | आइतबार, १७ चैत २०८१ | ने. सं. ११४५ चौल्लाथ्व | 30 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं**

☞ नियमित स्वास्थ्य परीक्षण गराऔं,
☞ सन्तुलित पोषणयुक्त आहार सेवन गरौं,
☞ नियमित शारीरिक परिश्रम गरौं,
☞ दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
☞ ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
☞ व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पूर्वराजालाई काठमाडौं महानगरले तोक्यो ७ लाख ९३ हजार जरिवाना

## ● कमल थापाले जनाए आपत्ति, 'अरेष्ट ज्ञानेन्द्र' अभियान चल्यो ●

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ काठमाडौं महानगरपालिकाले पूर्वराजा ज्ञानेन्द्र शाहलाई सात लाख ९३ हजार रुपैयाँ जरीवाना तोकेको छ ।

शुक्रबार तीनकुने क्षेत्रको प्रदर्शनमा तोडफोड र फोहोर गरेवापत महानगरले आठ वटा शीर्षकमा सात लाख ९३ हजार रुपैयाँ जरीवाना तोकेको हो । ज्ञानेन्द्र शाह, निर्मल निवास काठमाडौंका नाममा महानगरका आठजना नगर प्रहरीले आठवटा बेग्लाबेल्लै पत्र काटेका हुन् । दुर्गा प्रसाईंको आह्वानमा राजसंस्था पुनर्स्थापनाका लागि भन्दै तीनकुने क्षेत्रमा प्रदर्शन भएको थियो । प्रसाईंले आह्वान गरेको प्रदर्शनलाई नवराज सुवेदी नेतृत्वको राजसंस्था पुनर्स्थापना संयुक्त जनआन्दोलन समिति, राप्रपा र राप्रपा नेपालले पनि समर्थन जनाएका थिए ।

यसअघि फागुन २५ गते पूर्वराजा ज्ञानेन्द्र शाह पोखराबाट काठमाडौं आउँदा त्रिभुवन विमानस्थलदेखि स्वागत र प्रदर्शनका क्रममा फोहोर र महानगरका संरचनामा क्षति पुर्‍याएकोमा महानगरले राप्रपालाई एक लाख रुपैयाँ जरीवाना तोकेको थियो । सांसद ज्ञानेन्द्र शाहीले महानगरमा पुगेर जरिवाना तिरेका थिए । त्यसअघि महानगरले दरबारमार्गमा कार्यक्रम गरेको नेकपा (एमाले)लाई पनि एक लाख रुपैयाँ जरिवाना तोकेको थियो ।

**कमल थापाले जनाए आपत्ति**

पूर्वराजा ज्ञानेन्द्र शाहलाई आर्थिक जरिवाना गरेको विषयलाई राप्रपा नेपालका अध्यक्ष कमल थापाले हास्यास्पद भनेका छन् ।

काठमाडौं महानगर पालिकाले पूर्वराजा शाहलाई विभिन्न शीर्षकमा सात लाख ९३ हजार रुपैयाँ जरिवाना तोकेको समाचार सार्वजनिक भएसँगै थापाले सामाजिक सञ्जालमार्फत् प्रतिक्रिया जनाएका हुन् । 'तीनकुनेमा चैत १५ गते भएको कार्यक्रमलाई लिएर राजा ज्ञानेन्द्रलाई जरिवाना गर्ने काठमाडौं महानगरपालिकाको निर्णय हास्यास्पद छ । 'गलत ठेगानामा पठाइएको पत्र' 'स्टन्ट' जस्तो भयो,' अध्यक्ष थापाले भनेका छन् ।

उनले काठमाडौं महानगरप्रमुख बालेन साहबाट त्रुटि भएको भन्दै यसबाट आफू अलमलमा परेको जनाएका छन् । 'संयुक्त जनआन्दोलन समिति र नागरिक बचाउ अभियानले जिल्ला प्रशासनसँग स्वीकृति लिएर कार्यक्रम गरेको रेकर्ड हेर्न महानगरलाई आग्रह छ,' थापाले लेखेका छन्, 'पत्रको भाषा पनि अशिष्ट र अमर्यादित छ । राजाको कुरा छोडिदिउँ, उहाँ पूर्वराष्ट्राध्यक्ष पनि हुन्छ भन्ने महानगरपालिकाले हेक्का राख्नु पर्ने थियो ।' थापाले आर्थिक जरिवानाको पत्र फिर्ता लिनु बुद्धिमानी हुने भन्दै बालेनलाई सुझाव दिएका छन् ।



महानगरले शुक्रबार तीनकुनेमा भएको प्रदर्शनले विभिन्न किसिमका क्षति पुर्‍याएको भन्दै विभिन्न ९ वटा शीर्षकमा गरेर जरिवाना तोकेको हो । शुक्रबारको प्रदर्शनलाई थापा नेतृत्वको राप्रपा नेपालले पनि समर्थन जनाएको थियो । बिहीबार साँझ विज्ञप्ति निकाली प्रदर्शनमा सक्रिय सहभागी हुन आफ्नो पार्टीका समर्थकलाई आह्वान गरेका थिए ।

**उच्चन्यायिक छानबीन समिति गठन गर्न रास्वपाको माग**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चैत १५ गते तीनकुने क्षेत्रमा घटेको घटनामा संलग्नमाथि कारबाही सुनिश्चित गर्न उच्चन्यायिक छानबीन समिति गठनको माग गरेको छ । दुर्गा प्रसाईं नेतृत्वमा राजसंस्था पुनर्स्थापनाका लागि शुक्रबार तीनकुने-कोटेश्वर क्षेत्रमा प्रदर्शन, तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

रास्वपाको शनिबार बिहान ११ बजे बसेको केन्द्रीय सचिवालय (भर्चुअल) बैठकले काठमाडौंको तीनकुने, कोटेश्वर र जडीबुटीक्षेत्रमा चैत्र १५ गतेको घटनामा संलग्न दोषीलाई कानूनी दायराभित्र ल्याई यथोचित कारबाही सुनिश्चित गर्न उच्चन्यायिक छानबीन आयोग गठन गर्न सरकारसँग माग गर्ने निर्णय गरेको कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिए । साथै पार्टीको केन्द्रीय समिति बैठक चैत १८ गते केन्द्रीय कार्यालय बनस्थलीमा बस्ने निर्णय भएको उनले बताए ।

**"अरेष्ट ज्ञानेन्द्र अभियान" चल्यो**

पूर्वराजा ज्ञानेन्द्र शाहलाई पक्राउ गर्न माग गर्दै सामाजिक सञ्जालमा ह्यासट्याग अरेष्ट ज्ञानेन्द्र अभियान चलेको छ । शनिबारदेखि सामाजिक सञ्जालमा पूर्वराजा शाहबारे पोस्ट राख्दै प्रयोगकर्ताहरुले पक्राउ गर्न माग गरेका हुन् ।

तीनकुनेमा शुक्रबार भएको राजावादी प्रदर्शन हिंसात्मक बन्दा दुइजनाले ज्यान गुमाएका थिए । सयौं घाइते भएका थिए भने सर्वसाधारणका घर, व्यापारिक प्रतिष्ठान, सञ्चारमाध्यम, राजनीतिक पार्टीका कार्यालय तथा सरकारी र निजी दर्जनौं सवारीसाधनमा तोडफोड र आगजनी भएको थियो । प्रदर्शनको नाममा हिंसा मच्चाएपछि आन्दोलनका मुख्य डिजाइनर भन्दै पूर्वराजा ज्ञानेन्द्रलाई पक्राउ गर्न सर्वसाधारणले अरेष्ट ज्ञानेन्द्र अभियानमार्फत् सरकारलाई दबाब दिएका हुन् ।

उनीहरुले ज्ञानेन्द्रलाई यो अपराधबाट उन्मुक्ति नदिन सरकारसँग अपिल गरेका छन् । प्रदर्शनलाई हिंसात्मक बनाउन भिडलाई उक्साएको तथा तोडफोड र आगजनीमा संलग्न रहेको भन्दै प्रहरीले अहिलेसम्म एक सयभन्दा बढीलाई नियन्त्रणमा लिइसकेको छ । राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवल शमशेर राणालगायत पक्राउ परिसकेका छन् । आन्दोलनको कमान्डर भनिएका दुर्गा प्रसाईंलाई शुक्रबारदेखि नै प्रहरीले खोजी गरि रहेको छ । प्रसाईं शुक्रबारदेखि फरार छन् ।

**ज्यान गुमाएकालाई शहीद घोषणा गर्न माग**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले शुक्रबार तीनकुनेको घटनामा ज्यान गुमाएका दुई जनालाई शहीद घोषणा गर्न माग गरेको छ ।

शनिबार बसेको पार्टीको कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष राजेन्द्र लिङ्देनले शहीद घोषणा गर्नुपर्ने बताएका हुन् । 'हिजोको घटनामा ज्यान गुमाएका दुवै जनालाई शहिद घोषणा गर्न सरकारसँग माग गरेका छौं,' लिङ्देनले भने । शुक्रबारको घटनामा कीर्तिपुर निवासी २९ वर्षीय सविन महर्जन र एभिन्युज टेलिभिजनका फोटोपत्रकार सुरेश रजकको मृत्यु भएको थियो ।

पत्रकार सुरेश रजकको हत्या र सञ्चार माध्यममाथिको आक्रमणको ब्यापक बिरोध

# उपाध्यक्ष बागचन्दको संयोजकत्वमा सात सदस्यीय समिति

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ पत्रकार सुरेश रजक र सञ्चार माध्यममाथि भएको आक्रमणको विरोधमा नेपाल पत्रकार महासंघ मकवानपुरले विरोधसभा आयोजना गरेको छ । यस्तो बिरोधसभा देशब्यापी रुपमा भएको छ ।

चैत्र १६ गते स्थापना दिवसकै दिन पत्रकार र सञ्चार माध्यममाथि आक्रमण भएपछि महासंघले पूर्वनिर्धारित कार्यक्रम स्थगित गरेर विरोधसभा आयोजना गरेको हो । महासंघ मकवानपुरको आयोजना एवम् प्रदेश पत्रकार महासंघको समन्वयमा हेटौंडा-२ पल्पसा हलबाट न्यालीसहित सीमाचोकमा पुगेर विरोधसभा गरेको हो । हेटौंडाको पल्पसा सभागृहबाट सुरु भएको पत्रकारको प्रदर्शन मकवानपुर उद्योग वाणिज्य संघ, पिपलबोट, बुद्धचोक हुँदै स्कुरोडमा गएर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा बोल्दै मानवअधिकारकर्मी आरती पाठकले सञ्चारकर्मीको आन्दोलनमा आफूहरुको ऐक्यबद्धता रहेको बताइन् । उनले सञ्चारकर्मीमाथिको आक्रमण सैह्य नहुने बताइन् । पत्रकारको हत्याले सञ्चारकर्मीलाई आगामी दिन कुन किसिमले अगाडि बढ्नेमा अन्यौल रहेको उनले बताइन् । उनले हिंसात्मक गतिविधिलाई प्रश्रय दिने पक्षलाई सरकारले तुरुन्त कारवाही गर्नुपर्ने माग गरिन् ।

प्रेस चौतरी नेपाल, मकवानपुरकी अध्यक्ष सरिता दाहालले पत्रकारमाथि भएका घटनाले सरकारले निष्पक्ष छानबीन गर्नुपर्ने बताइन् । घटनामा दोषी देखिएकालाई तत्काल कारवाही गर्नुपर्ने उनले माग गरिन् । लामो संघर्ष र बलिदानबाट प्राप्त लोकतन्त्रको दुरुपयोग गर्दै अराजक गतिविधि गर्ने छुट कसैलाई नभएको उनले बताइन् । प्रेस युनियन मकवापनुरका अध्यक्ष सुवास बिडारीले पत्रकारहरु जुट्ने समय आएको बताएका छन् । मिडियामा स्पेश नपाउँदा राजावादीले सञ्चारकर्मीमाथि आक्रमण गरेको उनले बताए । अध्यक्ष बिडारीले सञ्चारकर्मीले आफ्नो व्यावसायिक धर्म नभुली काम गर्नुपर्ने बताए ।

पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईले राजाको शासन चाहनेहरुले राजावादीको अराजक गतिविधिलाई सम्भिनुपर्ने बताए । पत्रकारको हत्यारालाई कारवाही नभएसम्म आफूहरुले आन्दोलनलाई जारी राख्नुपर्ने उनले बताए । २०६२/६३ पछि आफूहरु कालो ब्यानर लिएर सडकमा निस्कनु परेको उनले जिकिर गरे । महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले राजनीतिक मुद्दाका आडमा पत्रकार र सञ्चारमाध्यममाथिको आक्रमण नियोजितरुपमा भएको बताए ।

गणतन्त्र ल्याउन २०६२/६३ को जनआन्दोलनमा पत्रकारले ठूलो भूमिका निर्वाह गरेको उनले बताए । सञ्चारकर्मीले कुनै वंशको शासन नचाहेको उनले जिकिर गरे । उनले नागरिकसमाजको अग्रणी संस्थाको रुपमा रहेको पत्रकार महासंघ राजनीतिक रंगमा हुने अवाञ्छित र अराजक गतिविधि सदैव विरोधमा रहेको बताए । उनका अनुसार पूर्वराजाले शासनकालमा जस्तै आम नागरिक र संचारमाध्यम कथित राजावादीको निशानामा परेको हो ।

महासंघका जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले संविधानको परिधिभित्र रहेर शासनसत्ता हातमा लिने काम नगर्न पूर्वराजा ज्ञानेन्द्र शाहलाई आग्रह गरेका छन् । हिंसात्मक गतिविधि त्यागेर २०८४ को चुनावमा राजनीतिक दलसँग प्रतिस्पर्धा गरेर शासनसत्ताको नेतृत्व लिन पूर्वराजालाई उनले आह्वान गरे । नागरिकको सम्पत्ति जलाउने राजावादीलाई जनताले विश्वास नगर्ने अध्यक्ष अधिकारीले बताए । उनले आमनागरिकजस्तै पूर्वराजालाई चुनाव लड्ने र शासन गर्ने अधिकार रहेकाले हिंसात्मक गतिविधि त्यागेर व्यवस्था अनुसारको प्रक्रियामा सहभागी हुन आग्रह गरे ।

समाचार संकलनकै क्रममा पत्रकारको हत्या भएको र आमसञ्चारमाध्यममा आक्रमण गरिएको विरोधमा मकवानपुरका पत्रकारहरु आन्दोलित भएका हुन् । कार्यक्रममा गैरसरकारी संस्था महासंघ, नागरिकसमाज लगायतका प्रतिनिधिले पत्रकार हत्याको विरोध गर्दै दोषीलाई कारबाहीको माग गरेका छन् ।

**उपाध्यक्ष बागचन्दको संयोजकत्वमा सात सदस्यीय अध्ययन समिति गठन**

सञ्चारकर्मीको मृत्यु र सञ्चारगृहमाथि भएको आक्रमणको अध्ययन गर्न नेपाल पत्रकार महासंघले सात सदस्यीय समिति गठन गरेको छ । महासंघको शनिबार राजधानीमा उपलब्ध पदाधिकारी र केन्द्रीय सदस्यको बैठकले उपाध्यक्ष उमीद बागचन्दको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको हो । समितिमा महासंघका ६ जना सचिव सदस्य छन् । समितिमा सचिवहरु रमेश खतिवडा, प्रकाश धौलाकोटी, सोनी शर्मा, अशोक तिवारी, वैकुण्ठ पराजुली र सविन प्रियासन सदस्य रहेको महासंघले जनाएको छ ।

समितिले घटनाका पीडित, प्रत्यक्षदर्शी र पीडितका परिवारसँग छलफल गर्नेछ । समितिले घटना के, कसरी भयो ?, अब महासंघ कसरी अघि बढ्ने ? लगायत विषयमा सुझावसहितको प्रतिवेदन दिने जनाइएको छ । पूर्वराजा समर्थित समूहले शुक्रबार तीनकुने क्षेत्रमा आगलागी, तोडफोड लगायत अराजक गतिविधिमा उत्रेका थिए । प्रदर्शनकारीका कारण एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको निधन भएको थियो । कान्तिपुर टेलिभिजन र अन्नपूर्ण पोष्ट दैनिकको कार्यालयमा पनि प्रदर्शनकारीले आक्रमण, तोडफोड गरेका थिए ।

# अन्नपूर्ण मिडियामाथिको आक्रमणको प्रेस चौतारीले गऱ्यो भर्त्सना



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/प्रेस चौतारी नेपालले अन्नपूर्ण मिडियामाथि राजावादीले गरेको आक्रमणको घोर भर्त्सना गरेको छ ।

प्रेस चौतारी नेपालको टोलीले शनिबार बिहान क्षतिग्रस्त अन्नपूर्ण मिडियाको कार्यलय निरीक्षण गरेको थियो ।

तीनकुनेमा शुक्रबार भएको प्रदर्शनका क्रममा राजावादीले अन्नपूर्ण पोस्टको कार्यालयमा तोडफोड गरेका थिए । प्रदर्शनकारीले अन्नपूर्णको कार्यालयमा आगजनीको प्रयाससमेत गरेका थिए । क्षतिग्रस्त भवनको निरीक्षणपछि प्रेस चौतारीका अध्यक्ष गणेश पाण्डेले अन्नपूर्ण मिडियामाथि भएको आक्रमण निन्दनीय भएको बताए । उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा प्रेस चौतारी सधैं लड्ने बताए ।

प्रेस चौतारीको टोलीलाई अन्नपूर्ण पोस्ट्का प्रधान सम्पादक अखण्ड भण्डारी र महाप्रबन्धक मनोज बस्नेतले राजावादीले अन्नपूर्ण मिडियामाथि गरेको आक्रमणको जानकारी गराएका थिए । राजावादीले तीनकुनेको खुल्लाचौरमा शुक्रबार कार्यक्रम गरेका थिए । कार्यक्रममा उपस्थित केही राजावादीले अन्नपूर्ण पोस्टको नामै किटेर आक्रमण गर्ने योजना बनाएका थिए ।

अन्नपूर्ण पोस्ट्को कार्यलयमा प्रवेश गर्न नसकेपछि राजावादीले ढुंगामुढा गर्न थाले र केही समूहले पेट्रोलले कपडा सल्काएर आगजनीको प्रयास गरेका थिए ।

# कपडा व्यवसायी संघमा बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरको अध्यक्षमा दीपेन्द्र बानियाँ सर्वसम्मत चयन भएका छन् ।

संघको शनिबार भएको ११ औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनले बानियाँको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । संघको उपाध्यक्षमा पवन दुलाल र मधुसुदन अर्याल, महासचिवमा सन्तोष घिमिरे, सचिवमा ओमप्रसाद चौलागाई, कोषाध्यक्षमा सीता तिमल्सिना र सहकोषाध्यक्षमा विष्णुलाल श्रेष्ठ निर्वाचित भएका छन् । यस्तै सदस्यमा उज्वल खनाल, नारायणकृष्ण श्रेष्ठ, गोविन्दप्रसाद लामिछाने, नारायणप्रसाद दाहाल, सौरभ श्रेष्ठ, सुदर्शन सुवेदी, लक्ष्मी गौतम र लिलाकुमारी आचार्य निर्वाचित भएका छन् ।

साधारणसभा तथा अधिवेशनको उद्घाटन निवर्तमान अध्यक्ष नेत्रप्रसाद खतिवडाको अध्यक्षता तथा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा भएको थियो । उद्घाटन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको पनि आतिथ्य रहेको थियो । कपडा तथा तयारी पोशाक व्यवसायी संघ मकवानपुरमा ३ सयभन्दा बढी व्यवसायी आवद्ध छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पर्यटकीय गन्तव्य: वैकुण्ठ

मकवानपुरको कैलाश गाउँपालिका-२ स्थित कैलाशडाँडा र वैकुण्ठक्षेत्र अहिले पर्यटकीय गन्तव्यको रुपमा विकसित भइरहेको छ । प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्नस्थल रहेको यहाँ केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कसहित हिमाल र पहाडको दृश्यावलोकन गर्न सकिन्छ । धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सीमाना जोडिएको वैकुण्ठबाट धादिङ, गोरखा र रसुवाका हिमालको आकर्षक दृश्य देख्न सकिन्छ । ऐतिहासिक गाउँको रुपमा रहेको वैकुण्ठमा तामाङले घाटुनाच नाच्ने प्रचलन छ । घाटुनाच गुरुङको संस्कृति भएता पनि वैकुण्ठ गाउँमा मात्रै तामाङ जातिले घाटुनाच नाच्ने संस्कृति विकास गरेका छन् । हरेकवर्ष जेठको चण्डीपूर्णिमा मेला लाग्नुका साथै तामाङ जातिको घाटुनाच देखाउने गरिन्छ ।

मकवानपुरको उत्तरीभेगमा महाभारत पर्वतमा प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पन्नता, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेकास्थललाई समेटेर पर्यटकीयक्षेत्रका रुपमा विकास भइरहेको छ । अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले पर्यटकलाई आकर्षित गर्नुको साथै गाउँमाथि रहेको विष्णुकुण्डमा गुरु रिम्पोछेको प्रतिमा स्थापनाले थप आकर्षण थपिदिएको छ । उतिबेलाको विकट गाउँमा अहिले सडक पूर्वाधारको पहुँच पुगेको छ । सिजनमा चल्ने सडक पूर्वाधारले पनि यो क्षेत्रमा आन्तरिक पर्यटकको चहलपहल बढाएको छ । एक हिसाबले भन्ने हो भने कैलाश वैकुण्ठ 'आन्तरिक पर्यटकको हब'को रुपमा विकास भइरहेको छ । विकट क्षेत्रको रुपमा रहेको यो स्थानलाई पर्यटनको केन्द्र बनाउने गरी योजना अघि बढाएको गाउँपालिकाले जनाएको छ । मोक्तानका अनुसार गाउँपालिकाको आन्तरिक स्रोत व्यवस्थापन गरी पर्यटन विकासका लागि बिभिन्न काम भइरहेको छ । हाल यो क्षेत्रमा पदयात्रा गर्नेहरुको आगमन बढेको छ । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटकको संख्या बढ्दो रहेको छ । गाउँपालिकाले कैलाश वैकुण्ठलाई पर्यटकीयक्षेत्र बनाउन प्राथमिकताका साथ लगानी गरेसँगै आकर्षक पार्क, गुम्बालगायत संरचना निर्माण गरेको छ । वैकुण्ठमा करिब एक करोडको लगानीमा जीपलाइन निर्माणको काम अन्तिम चरणमा रहेको छ । ऐतिहासिक विष्णुकुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले वैकुण्ठ निकै महत्वपूर्ण मानिन्छ ।

कैलाश वैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिका र प्रदेश सरकारले लगानी गरेको छ । प्रदेश सरकारले २० लाख रुपैयाँ लगानी गरेपछि डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फूपार्क निर्माण गरेको हो । ऐतिहासिक वैकुण्ठडाँडामै गाउँपालिकाले २२ लाख रुपैयाँ लगानी गरी टासीफर्पे छ्योयलिङ गुम्बा निर्माण गरेको छ । डाँफे मुनाल पार्ककै मुनि अग्लो डाँडाको समथल ठाउँमा सधैं पानी जमिरहने पोखरीलाई विष्णुकुण्डको नाम दिइएको हो । वैकुण्ठमा पछिल्लो समय धेरै संरचना निर्माण भइसकेको छ । वैकुण्ठगाउँमा सतीघाट संरक्षणस्थल पनि निर्माण गरिएको छ । कैलाश-२, वैकुण्ठमा नवनिर्मित कैलाश-वैकुण्ठ जीपलाइनको पहिलोचरणको परीक्षण सकिएको छ । कैलाश गाउँपालिकाको वैकुण्ठदेखि कैलाशडाँडा जोड्ने जीपलाइन निर्माण भएको हो । गाउँपालिकाले बहुवर्षीय योजना बनाइ दुई स्थानमा स्टेशन, ब्रेकिङ सिस्टम (हारनेस) र तार निर्माण गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छ्तिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १८ गते सोमबार ३१ मार्च २०२५ । द्वितीया, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५८, सूर्यास्त ६:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भूमिबाट लाभ लिने समय छ | तुला | : लेनदेनमा विवाद हुनेछ |
| वृष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | वृश्चिक | : धार्मिक कार्यले फाइदा हुनेछ |
| मिथुन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | धनु | : मन खिन्न बनाउन सक्छ |
| कर्कट | : काममा परिवारकोसहयोग मिल्नेछ | मकर | : दिन उत्साहपूर्ण बन्नेछ |
| सिंह | : स्वास्थ्यमा कमजोरी हुनेछ | कुम्भ | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| कन्या | : उपचारमा खर्च हुनेछ | मीन | : व्यावसायिक यात्राको सम्भावना छ |

# जीवित हुनुभन्दा ठूलो उपहार अरू हुनै सक्दैन



✍प्रेम रावत

एउटा शब्द हुन्छ अनि अर्को अर्थ हुन्छ । शब्दकै अर्थ हुन्छ । केही शब्दको बहुअर्थ पनि हुन्छ । सुगाले केवल शब्दोच्चारण गर्छ तर त्यसको अर्थ बुझ्दैन । तपाईं के हुनुहुन्छ ? केवल शब्दोच्चारण गर्ने सुगा हुनुहुन्छ कि ती शब्दहरूका अर्थ पनि बुझ्नुहुन्छ ! अर्थ नबुझेपछि मान्छेहरू बहस गर्न तम्सिन्छन् ।

ती सच्चिदानन्द, ती सृष्टिकर्तालाई त अनुभव गर्नुपर्दछ, व्याख्या मात्र गरेर हुँदैन । उदाहरणका लागि तपाईं जेरी खानुहुन्छ अनि तपाईंलाई मन पनि पर्छ । यसलाई खाएपछि तपाईं व्याख्या गर्न सक्नुहुन्छ । यस विपरीत मानिसहरू खानुभन्दा पहिलादेखि नै व्याख्या गर्न थाल्छन् । तपाईं जीवित हुनुहुन्छ या हुनुहुन्न भन्ने कुरा जान्नका लागि आफैँसँग प्रश्न सोध्नुहोस् ! यथार्थमा भन्ने हो भने भयमुक्त दिमाग र फदय भएको प्राणी नै जीवित प्राणी हो । चिन्तामुक्त दिमाग र फदय भएको प्राणी नै जीवित प्राणी हो, जो क्लेशमा डुबेको हुँदैन । किन एक-आपसमा बहस गरिरहनुहुन्छ ?

अचेल मानिसहरूसँग यति धेरै पैसा छ कि तपाईं कल्पनासमेत गर्न सक्नुहुन्न । यति भएर पनि उनीहरूलाई 'मानिसले मेरा बारेमा के सोचिरहेका छन्' भन्ने चिन्ताले सताएको हुन्छ तर तपाईं आफ्ना बारेमा के सोच्नुहुन्छ भनेरचाहिँ कसैले पनि सोध्दैन ! के तपाईं आफूलाई प्राप्त भएको जीवन ठूलो भाग्यले पाइएको छ भनेर बुझ्नुहुन्छ ? यो फेरि पाइन्छ कि पाइँदैन ? वास्तविकता त के हो भने, तपाईं आउनुभएको छ अनि एकदिन तपाईंले जानुपर्नेछ । तीनवटा कानुन छन्- पहिलो तपाईं जन्मनुभयो, दोस्रो तपाईं जीवित हुनुहुन्छ र तेस्रो तपाईंले अवश्य जानुपर्नेछ ।

तबलावादक अर्थात् तबल्चीले अभ्यास गर्नुपर्ने हुन्छ । के उनी एक दिन बढी बाँच्लान् ? बाँच्दैनन् । एकदमै अध्ययनशील कलेजका प्राध्यापकचाहिँ के एक दिन बढी बाँच्लान् त ? बाँच्दैनन् । एकदमै स्वादिष्ट भोजन तयार पार्ने ती भान्सेचाहिँ के एक दिन बढी बाँच्लान् त ? बाँच्दैनन् । ती वेदपाठ गरिरहने, मन्दिर जाने, घण्टी बजाउने महात्माचाहिँ के एक दिन बढी बाँच्लान् त ? अहँ, बाँच्दैनन् । यो कस्तो खालको कानुन हो ? असल काम गर्ने मानिसले त अतिरिक्त समय पाउनुपर्ने हो नि तर पाउन सक्दैन । जसले सबै खाले भक्तिभाव गर्‍यो, पूरै रामायण पढ्यो, गीता पढ्यो, वेदशास्त्रादि पढ्यो ऊ पनि थप एक दिन बढी बाँच्न सक्दैन ।

हामी जे गरिरहेका भए पनि त्यो यस संसारका लागि गरिरहन्छौं । यदि हामीलाई जीवन दिने ती सृष्टिकर्ताका लागि केही गर्ने हो भने त हामीले उनको अनुभव गर्नु आवश्यक हुन्छ । यदि मानिसले ती सृष्टिकर्तालाई अनुभव गर्ने चाहना राख्यो भने त्यसमा कोही गरिब भन्ने हुँदैन, कोही धनी भन्ने पनि हुँदैन, कोही महिला हुँदैन, कोही पुरुष हुँदैन । त्यहाँ सबै बराबर हुन्छन् । यदि ती सृष्टिकर्तालाई अनुभव गरिरहेको छ भने उसका लागि कोही अशिक्षित भए पनि ठीकै हुन्छ अनि कोही शिक्षित छन् भने पनि ठीकै हुन्छ ।

यो कुरा परमानन्दका बारेमा हो, वास्तविक आनन्दका बारेमा । यस संसारको डरबाट मुक्त भएपछि मात्रै तपाईंले यो कुरा बुझ्नुहुनेछ । यो तनावमा रहने बानीबाट बाहिर निस्केपछि मात्रै तपाईंले यो कुरा बुझ्नुहुनेछ । तपाईंलाई दिमागबाट हटाएर तपाईंभित्र रहेका ती सृष्टिकर्तातिर मोड्नु पनि गुरुको एउटा अर्को लक्ष्य हो । तपाईं जीवित हुनुहुन्छ । तपाईंलाई योभन्दा ठूलो उपहार त प्राप्त हुनै सक्दैन । यदि तपाईंले अर्को उपहार पाउनुभयो भने त्यो उपहार भनेको चाहिँ तपाईंले यो सर्वश्रेष्ठ उपहारलाई बुझ्न सक्नु हो ।

गुरुले यो कुरालाई सम्भव तुल्याउनुहुन्छ जसबाट हामीले के पाएका छौं भन्ने कुरा बुझ्न सक्छौं । यदि कसैले खेतलाई त्यत्तिकै छोडिदियो । त्यसमा खेती गरेन । केही पनि मिहिनेत गरेन भने त्यस्तो खेत त बिस्तारै-बिस्तारै बाँझो बन्न पुग्दछ । यदि त्यहाँ उन्नत किसिमको बीउ रोपेनौं, पानी लगाएनौं भने के हुनेछ ? जहाँ गहुँ फल्थ्यो, जहाँ फलफूल हुने गर्थ्यो- अब त्यहाँ मानिसका लागि केही काम नलाग्ने चीजहरू उम्रिन थाल्छन् । त्यो खेत बाँझो बन्न थाल्दछ ।

यदि तपाईंले कुनै त्यस्तो बिरुवा रोप्नुभयो जसले फल अथवा तरकारी दिन्छ भने तिनलाई पानी चाहिन्छ । यदि तिनले पानी पाएनन् भने त्यो खेतमा त्यस्ता चीजहरू फल्दछन् जसलाई पानीको आवश्यकता पर्दैन- जस्तै : खर, घाँस, पात आदि । त्यसकारण हामीले पनि आफ्नो जीवनमा यो जीवनरूपी खेत पाएका छौं । यसमा हामीले कतिको परिश्रम गरिरहेका छौं ? यो खेतमा हामीले कुन-कुन बाली लगाएका छौं ? यो खेतमा कुनचाहिँ बाली रोपेका छौं ? यस जीवनरूपी खेतमा पनि यदि हामीले मिहिनेत गरेनौं, पानी हालेनौं भने यो पनि बिस्तारै-बिस्तारै बाँझो हुँदै जानेछ ।

वास्तविकता के हो भने, तपाईंले आफ्नो यस जीवनरूपी खेतमा प्रत्येक श्वासका साथ केही न केही रोपिरहनुभएको छ । जुन प्रत्येक श्वास तपाईंभित्र चलिरहेको छ- भित्र आएर गएपछि एउटा बीउ रोप्नुभयो । फेरि दोस्रोपटक भित्र आउँछ र जान्छ- फेरि अर्को बीउ रोपियो । चाहे तपाईंले बीउ रोप्ने कोशिश गर्नुहोस् या नगर्नुहोस्, बाली त रोपिँदै छ । यसमा तपाईंले पनि केही गर्न सक्नुहुन्न । यदि तपाईंले बीउ नरोपियोस् भन्ने चाहना राख्नुभयो भने पनि यो सम्भव छैन । केवल यतिमात्र सम्भव छ, कुनचाहिँ बीउ रोप्न चाहनुहुन्छ ? यो बुझ्नुपर्ने कुरा छ- अहिलेसम्म तपाईंले कुनचाहिँ बाली लगाउनुभयो ? तपाईंले श्वास लिइरहनुभयो तर तपाईंको मन कहिले यता दौडिरहन्छ त कहिले उता दौडिरहन्छ ।

धेरैजसो अन्य थुप्रै कुराहरूका बारेमा चिन्ता लागिरहन्छ तर तपाईंले यो जुन श्वास अहिले भर्खरै लिनुभयो- योसँग कुनचाहिँ बीउ रोप्नुभयो ? यसका बारेमा तपाईं चिन्तै गर्नुहुन्न । यस संसारमा छौं भने यस कुराका बारेमा पनि सोच्नुपर्छ र अरु कुराका बारेमा सोच्नुपर्छ । तर, त्यसको अर्थ त्यसैमा भएभरको समयलाई बिताउनुपर्छ भन्ने पनि होइन । जब तपाईं खाना पकाउनुहुन्छ भने त्यसमा नुन पनि हाल्नुहुन्छ । तर, त्यसको मतलब तपाईं बसी-बसी नुनमात्रै हालिरहनुहुन्छ भन्ने पनि होइन । नुन हाल्नाले खानेकुरामा स्वाद आउँछ । स्वादिलो हुन्छ ।

तर, यसको तात्पर्य जति धेरै हालिन्छ त्यति नै धेरै स्वादिलो हुन्छ भन्ने होइन । यदि धेरै हाल्यौं भने : जुन कुराले स्वादिलो हुन्थ्यो, अब त्यसैले खानेकुरालाई खान नसकिने बनाइदिन्छ । यस संसारमा हरेक विषय खानेकुरामा नुन धेरै हालेपछि उत्पन्न हुने समस्याजस्तै भइरहन्छ । यस जीवनमा केवल एउटै कुरा छ । यसलाई तपाईंले जति धेरै चिन्ता गर्नुहुन्छ, तपाईंलाई त्यति नै धेरै आनन्द मिल्नेछ । त्यो चीज तपाईंभित्र रहेको प्रत्येक श्वासमा चलिरहेको छ । आफूले कतै खोज्नुपर्दैन ।प्रत्येक श्वास- जुन अमूल्य छ । जुन तपाईंभित्र चलिरहेको छ ।

जुन श्वास तपाईंभित्र आउँछ त्यसले तपाईंका लागि के ल्याउँछ ? जसका कारणले तपाईं मुस्कुराउन सक्नुहुन्छ, जसका कारणले तपाईं देख्न सक्नुहुन्छ, जसका कारणले तपाईंले अनुभव गर्न सक्नुहुन्छ । त्यही चीजका कारणले आज यस संसारमा सबै कुरा भइरहेको छ, ठूला-ठूला आविष्कार भएका छन् । नयाँ-नयाँ कुराहरू बनिरहेका छन्, अचम्म-अचम्मका कुराहरू बनिरहेका छन् । तर, जसका कारणले यी सबै कुरा भइरहेका छन् ती चीजप्रति कसैले पनि ध्यान दिइरहेका छैनन् । यदि त्यो चीज निस्किएर गयो भने त्यसपछि न कोही वृद्ध हुन्छ, न कोही जवान रहन्छ, न कोही नोकर, न कोही मालिक । ती सबै कुरा समाप्त ! जब त्यो फदयको ढोका खुल्दछ तब मानिस भित्रतिर जान्छ । भित्र के छ ? भित्र त्यो चीज छ जुन अन्तिम क्षणसम्म मानिससँगै रहनेछ । त्यसको कुनै मूल्य छैन ।

त्यो अमूल्य छ । त्यो सदैव तपाईंसँगै छ र तपाईंसँगै रहनेछ । तपाईं त्यसबाट उम्किन सक्नुहुन्न । जुन दिन तपाईं त्यसबाट मुक्त हुनुहुनेछ, तपाईं रहनुहुने छैन । जबसम्म तपाईं जीवित हुनुहुन्छ तबसम्म त्यो तपाईंसँगै रहन्छ । त्यो कुनचाहिँ ढोका हो ? त्यो ढोका हो- साँचो शान्तिको ढोका । वास्तविक शान्तिको ! उठ्नुहोस्, जाग्नुहोस् र आफ्नो यो दिनको शुरुवात गर्नुहोस् । बिउँझने समय भइसकेको छ । किनभने, तपाईंले आजसम्म जति पनि ठूला-ठूला, एकदम राम्रा-राम्रा सपना देख्नुभएको छ, यथार्थमा ती सारा सपनाहरूभन्दा पनि राम्रो छ- यो श्वासको वास्तविकता ! आफ्नो जीवनमा त्यो दया र करुणालाई हेर्नुहोस् ।

यदि तपाईं दया र करुणालाई अनि यो दया र करुणाको वास्तविक प्रतीकलाई हेर्न चाहनुहुन्छ भने यो श्वासलाई चिन्नुहोस् । यो हो दया ! यसभन्दा धेरै दया मानिसमाथि हुनै सक्दैन । प्रत्येक श्वासमा आउने र जाने जुन माला छ- त्यसमा वास्तविक सुख छ, वास्तविक शान्ति छ । त्यसैका कारणले यो चेतना छ । त्यसकै कारणले यो जीवन छ, त्यसैका कारणले तपाईं हिँड्न सक्नुहुन्छ । तपाईं जे हुनुहुन्छ, त्यसैका कारणले हुनुहुन्छ ।

यसमा त त्यस्तो आनन्द छ जुन म सदैव प्राप्त गर्न चाहन्छु । यस्तो होइन- आनन्द लियो अनि सकियो । आजसम्म जीवनमा त्यस्तो आनन्दको अनुभूति गरिएकै छैन जुन सदाका लागि रहोस् । हरेक खालको आनन्द आउँछ र सकिन्छ । तर, यो आनन्द सदैव रहन्छ । जब तपाईंले आफ्नो जीवनमा यस कुरालाई राम्रोसँग स्वीकार गर्नुहुन्छ- म पनि एक-एक श्वासमा त्यो चीजको बीउ रोपूँ जसको बाली भित्र्याएपछि आफ्नो जीवनमा मैले कहिल्यै भोकै बस्न नपरोस् ।

अनि मात्र, यो जीवन पाउनुको सार्थकता हुनेछ । यो जीवनरूपी खेतलाई बाँझो हुन नदिनुहोस् । किनभने, आवश्यकतै छैन । तपाईंभित्र कति धेरै पानी छ भनेर तपाईं सोच्न पनि सक्नुहुन्न । एकदमै मीठो र स्वच्छ पानी छ । त्यो सबै तपाईंभित्रै छ । त्यसको आनन्द लिनुहोस् । तिर्खा मेटिसकेको आनन्द लिनुहोस् र आफ्नो जीवनलाई सफल बनाउनुहोस् ।

*(साभार: न्युज अफ नेपाल)*

# ज्ञानेन्द्र, रवीन्द्र, मनीषा र गणतन्त्रवादीहरूका नाममा

✍बसन्त बस्नेत

अन्तिम शाह राजा ज्ञानेन्द्रका नाममा राजावादीले तीनकुनेमा घटाएको शुक्रबारे काण्ड कुन हदसम्मको निन्दनीय र त्याज्य थियो भन्ने त निर्मलनिवासको टीका लगाएर तोकिएका यसका कमान्डर दुर्गा प्रसाईं भीडकै बीचमा भागेबाटै स्पष्ट हुन्छ । हुन त दुर्गा प्रसाईंबाट लोकेन्द्रबहादुर चन्द वा कीर्तिनिधि विष्टको जस्तो कुलीनता अपेक्षा राख्नु सायद 'अपेक्षा' शब्दकै मानहानि थियो । तर, ज्ञानेन्द्रजस्ता एक समयका स्रोतयुक्त राज्यसंस्थापनलाई उनै प्रसाईंजस्ता गुणस्तरहीन मानव संशाधनले काम चलाउने बाध्यता आइलाग्नु भनेको उनी कति निरीह र निरुपाय भइसकेछन् भन्ने प्रष्ट सबुत हो ।

उसो त दरबारभित्र सधैं छलछाम, षड्यन्त्र, हत्याकाण्ड र पर्व भइराख्नु, बाहिर भने शान्तिका परेवा उडाइराख्नु राजाहरूको कारुणिक नियति थियो । तर राजावादीहरूले दरबारका दुःखउपर कहिल्यै घोत्लिएनन्, सम्राटको अन्ध-बढाइँ मात्रै गर्दैरहे । राजवंशका सोखसयलमात्रै नभई दुःख पनि पुस्तान्तरण हुँदै आइरहेका थिए भन्ने समयमै थाहा पाएका भए राजावादीहरू धेरै पहिले गणतन्त्रवादी हुने थिए र राजालाई राजकाजका नाममा हुने संदिग्ध षड्यन्त्र र सधैंको डरबाट पहिल्यै मुक्त गरिदिने थिए । असली राजावादी त्यो हो, जसले राजाको भलो चिताउँछ ।

तर यी कस्ता राजावादी हुन्, जसले राजालाई एक भद्र-भलाद्मी मानिसका रुपमा बाँच्नै दिँदैनन् । अमेरिकामा पनि राष्ट्रपतिको सर्वोच्च पदमा दुई कार्यकालमात्रै हुन पाइन्छ । यहाँ त ज्ञानेन्द्र शाह आफैं दुईपल्ट राजा भइसकेका थिए । सानैमा जबर्जस्ती राजा बनाइँदा उनको बालसुलभ खेलजीवन खोसिएको थियो । पछि पनि उनलाई राजा हुन कहाँ मन थियो र ? दीपेन्द्रले वंशनाश नगरेको भए ज्ञानेन्द्रलाई उदार प्रजातान्त्रिक व्यवस्थाले ग्यारेन्टी गर्ने व्यावसायिक जीवनको मजामा रत्याइरहने थियो । सम्झौं त, केही कुरा सित्तैमा प्राप्त गर्नु र मेहनतको आर्जनले आनन्दित हुनुको मजा । राजतन्त्रले ज्ञानेन्द्रको 'बिजनेस-माइन्ड' को उपयोगसमेत गर्न सकेन । व्यक्तिलाई उसको निजी इच्छाविरुद्ध जान बाध्य गराएर कामै गर्न नदिनु राजतन्त्रको सर्वाधिक ठूलो दुर्गुण हो । पारस शाह खेलाडी बन्न सक्थे, फदयेन्द्र गायक । हिमानी प्राध्यापक बन्न सक्थिन्, कृतिका हस्तकला उद्यमी । केही र 'कोही' नबनेर फगत एक सामान्य मानिस बन्नुको परम सुखभोग गर्न नपाउँदा पारस सोनिकासँग मोटरसाइकलमा टिकटक बनाउँदै हिँडे । के राजावादीहरूलाई यसको कल्पना र सम्झना छ ?

तर राजावादीहरू सम्झँदैनन् । यदि सम्झिन्थे भने भाटभटेनी सुपरस्टोरबाट बलियाबांगा लठैतहरूले फ्रिज, टिभी, अनि निर्धा लठैतले स्याउ र केरा चोरेर भाग्ने थिएनन् । गोर्खाली राजा माग्दै हिँड्नेले तीन बोत्तल गोर्खा स्ट्रङ बियरमा बिक्ने (अझ सित्तैमा) थिएनन् । । धर्मगुरुको नाम भजाउनेहरूले कम्तीमा धर्मको सम्मान गर्न सिक्ने थिए, चम्बलघाटीका डाँकुका सरदार विरप्पन भएर निस्कने थिएनन् । ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्री हटाई सक्रिय राजा बन्न सैन्य कु गर्दा बीबीसी लन्डनबाट पत्रकार कनक दीक्षितलाई संयुक्त राष्ट्रसंघको नेपाल मुख्यालयमा पहिलोपल्ट फोन लगाउने रवीन्द्र मिश्र आफैं राजसंस्था पुनर्स्थापनाजस्तो गैरसंवैधानिक आकांक्षाका मतियार बन्ने थिएनन् ।

रवीन्द्र मिश्रको बारेमा अब लामो कुरा नगरौं । एउटै आखिरी टिप्पणी गर्न मन छ । उनी यसअघिका दुई आम चुनावमा काठमाडौं क्षेत्र नम्बर १ मा कांग्रेसका उम्मेदवार प्रकाशमान सिंहसँग झिनो मतान्तरले हारेथे । त्यसबेला कताकति लाग्थ्यो, पश्चिमा विश्वको एक्स्पोजर र खुलापन देखेर स्वदेश फर्केका यिनी संसदमा आएका भए राजनीतिक परम्परा र संस्कारले अलिकति पुनर्ताजगी पाउने थियो ।

उनी विवेकशील साझाबाट राप्रपामै जाँदा समेत राजा नआए पनि रवीन्द्र मिश्र आउँछन् त के भो भन्ने 'दलभन्दा माथि विचार' हाबी थियो । हिजोआज भने मैले पनि 'मार्ग परिवर्तन' गरेको छु, र मलाई लाग्छ- प्रकाशमान औसत होलान्, रवीन्द्र मिश्र त हानिकारक नै छन्, जो पूर्वराजासँग नवीन समझदारी गर 'नत्र' बंगलादेश, सिरिया होलाउ भनेर नागरिकलाई हिंसा, धार्मिक साम्प्रदायिक दंगामार्फत् सरेआम धम्क्याउँछन् । अनि पहिलेका आन्दोलनमा कोही नेता थियो भन्दै अराजकताको उन्मत्त पक्षपोषण गर्छन् । प्रकाशमानले कुनै माखो मार्न सकेको त थाहा छैन, तर कम्तिमा यिनी साम्प्रदायिक हुल्लडबाजीमा सामेल छैनन् ।

र, दुर्गा प्रसाईंका बारेमा पनि अब धेरै भन्नुपर्ने केही छैन । उनले वर्षौंदेखि नेपालको संविधान र कानुनलाई ठाडो चुनौती दिइरहे पनि शक्तिको चन्द्रमा सधैं उनको दायाँ रह्यो । आफ्नो कुनै हैसियत नभए पनि उनले नेपालमा प्रधानमन्त्री भएका र भइसकेका नेतृत्वको हैसियत देखाइसकेका छन् । माओवादी हुँदा माइला लामाको गीत गाउन नजाने पनि प्रचण्डको सुखसुविधामा कमी हुन दिएनन् । एमाले हुँदा मदन भण्डारी नचिने पनि कसलाई चिन्नुपर्छ, उनलाई राम्रोसँग थाहा थियो ।

प्रचण्ड र केपी ओलीलाई प्रयोग गर्दै, र उनीहरूबाट समेत सारोगारोमा प्रयोग हुँदै प्रसाईं अब लागे निर्मल निवासतर्फ । ज्ञानेन्द्रलाई यति बेला राजेन्द्र लिङ्देन र कमल थापाभन्दा दुर्गा प्रसाईं प्यारा छन् । भक्तिकालीन कविता पंक्तिको याद आउँछ- 'जता गयो उतै मेरा नजरमा राम प्यारा छन् ।' साहित्यमा त टेक्टोनिक सिफ्ट् नै आइसक्यो भनेर सञ्जीव उप्रेतीदेखि कुमार नगरकोटीसम्मले मानिसके, तर नेपाली राजनीतिमा भने राजतन्त्रदेखि गणतन्त्रसम्मै भक्तिकाल नै चलिरहेको छ ।

ज्ञानेन्द्रलाई त झन् के भनूँ र, जसलाई के गर्नुहुन्छ र के गर्नुहुँदैन भन्ने कमनसेन्स पनि छैन । (अंग्रेजीमा भन्छन् नै, कमनसेन्स इज सो अन्कमन् ।) बरु गीतकार जी शाहलाई उनको आफ्नै पुरानो गीत सम्झाइदिन मन छ (उनले आफैं लेखेका हुन् भन्ने साहित्यिक विश्वाससहित) 'बाँच्नु नै छ यदि भने बाँच नेपाली भै ।' यो किन सम्झाउनुपर्‍यो भने उनी पोखराबाट प्लेनमा २५ मिनेट उड्दैमा उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथको तस्बिर छापिहाल्नुपर्ने कुनै कारण थिएन । अरु लामो छलफल नगरुँ । प्रयागराजमा भर्खरै त महाकुम्भ सकिएको छ । शुक्रबारे देखियो, महाशिवरात्रिमा काठमाडौं आएका 'राजनीतिक पण्डा' हरू हिन्दुस्तान फर्किसकेका रहेनछन् ।

हिन्दुस्तान भनिसकेपछि मनीषा कोइरालाका बारेमा पनि धेरै भन्नुपर्ने केही थिएन । बलिउडजस्तो 'सेक्युलर स्पेस' जहाँ पाकिस्तानदेखि नेपालसम्मका अभिनेता, गायक, लाइटम्यान उत्तिकै अपनत्वका साथ जोडिन्छन्, त्यहाँ हाम्री प्यारी अभिनेत्री मनीषालाई स्पटलाइटमा देख्दा हामी नेपाली सधैं गौरवान्वित रह्यौं । उनी बीपी कोइरालाकी नातिनीसँगसँगै प्रकाश कोइरालाकी छोरीसमेत रहेकाले बाजेभन्दा बढ्ता भावनात्मक (वैचारिक होइन) झुकाव बातर्फ हुनुलाई खासै अनौठो मान्नुपर्ने कारण थिएन । अनि कोरोना भगाउ मन्त्रका उत्पादक जगमान गुरुङदेखि नयाँ पुस्ताका मिडिया शो-बिज पर्सन मित्रहरूसमेत अन्तिम शाह राजा ज्ञानेन्द्रको प्रतिभासँग चमत्कृत भएर हस्ताक्षर अभियानमा लाग्दैगर्दा मनीषामात्रै आफ्ना अभिव्यक्तिबाट बन्चित भइराख्नुपर्ने कुनै खास कारण पनि थिएन ।

तर मैले लेखक/अनुवादकका रुपमा आदर गर्ने मञ्जुश्री थापा र केदार शर्माले शनिबार बिहान मनीषामाथि पूरा स्नेहका बीच पनि उनले फैलाउन सघाइरहेको विषाक्त विचार प्रति असहमति जनाउँदै फेसबुक फ्रेन्डलिस्टबाटै हटाउने 'पोलिटिकल एक्ट' गरेको देख्दा एकछिन त मन विचलित पनि भयो । मनीषाको कलाजीवनप्रति शुभेच्छा प्रकट गर्दै आफूलाई थापा र शर्माकै पंक्तिको पछिल्लो लहरमा राख्न मन लाग्यो ।

आखिर यस्तो किन भयो रवीन्द्र मिश्रजी ? मलाई त तपाईंले चुनाव जितेकै देख्ने मन थियो । मलाई बरु मञ्जुश्री र केदार शर्मा नै गलत सावित होउन्, मनीषाको कलापारखी बनिरहन, अनि नेटफिल्क्समा हीरामन्डी २ को प्रिय प्रतीक्षा गर्न मन थियो । (अझै पनि छ ।) तर नआउने राजाको अतृप्त पर्खाईका लागि निर्दोष, निहत्था र निरुपाय नेपाली नागरिकलाई थप तड्पाउन चाहने परपीडक आकांक्षालाई 'कीरा परोस्' भन्न पनि सकिएन । यो चराचर सृष्टिमा 'चरा-कीरा' हरूको पनि ठूलो महत्व छ, यदि छैन भने पनि महत्वहीन मानिएका जलचर थलचरको समेत प्रकृतिमा रक्षा हुनुपर्छ भनेर हिन्दू धर्मले समेत पक्कै भनेको हुनुपर्छ । मैले ग्रन्थ पढिनँ भन्दैमा जान्नेसुन्नेहरूले जेपायो त्यही गर्न मिल्दैन ।

र, हामी नागरिक पनि छौं नै त्यस्तै । रामायणका सात काण्डमध्ये अरण्यकाण्ड मिठो कि सुन्दरकाण्डचाहिँ झन् मिठो भनेर छुट्याउनलाई हामी पाठक/स्रोता कुन मनोदशा र वैचारिक ओरियन्टेशनमा छौं भन्ने पृष्ठभूमिले अर्थ राख्छ । कसैलाई सीताको सत्यनिष्ठाले छुन्छ, कसैलाई रावणको प्रयोगशीलताले । यति बुझिसक्दा पनि म बालेन सिटीका मेयरको मनोभाव भने फिटिक्कै बुझ्न सक्दिनँ । सायद मेरै बुझाईको दोष हुन सक्छ । उनी घरि विरोधीलाई जय नेपाल हलनेर अधकल्चो छाडेको टुकुचामा गाडिदिने धम्की दिन्छन् । आफूलाई शक्तिशाली मेयर बनाउने अख्तियार संघीय संविधानले दिएको हो भन्ने पक्कै बिर्सेका छैनन् । बालेनको सिंहदरबार जलाउने धम्की कार्यान्वयन भयो भने हिजो शुक्रबार तीनकुनेदेखि जडिबुटी कम्पनीसम्म भएको ताण्डव नै दृश्यमा आउने छ । के त्यो दिन देख्न हाम्रा लोकप्रिय मतले चुनिएका जनप्रतिनिधि तयार हुन् ? मलाई लाग्छ, तयार नहोलान् । त्यसैले शुक्रबार साँझ उनले लेखेको स्टाटस् साँच्चै बुझिएन । सायद त्यो फेरि पनि हाम्रै गल्ती हुन सक्छ, ओमप्रकाश अर्यालजी । एउटै डर छ, अरुका अनुहारमा नायकको खोजी गर्दागर्दै हामी अब आफूभित्रको सामर्थ्यलाई चिन्नै बिर्सने हौं कि ? हामी आफैं आफ्नो जीवनको नायक थियौं, जसले गर्ने वा नगर्ने एउटा निर्णयले समाजमा धेरै फरक पर्छ भन्ने सत्य बिर्सन नमिल्ने पो थियो कि ?

*(साभार: अनलाइनखबर)*

# तीनकुनेमा देखिएको क्रूर दृश्य




काठमाडौं/तीनकुने पुल पुग्दा शुक्रबार दिउँसोको १ बजेको थियो । पुल अगाडी सुरक्षाकर्मी तैनाथ थिए । बानेश्वरतर्फ प्रदर्शनकारीलाई प्रवेशमा रोक लगाइएको थियो । निषेधित क्षेत्र प्रवेश गर्न खोजेका दुई तीन जना राजावादी समर्थकलाई प्रहरीले नियन्त्रणमा लियो ।

उग्र बनेका प्रदर्शनकारी भनिरहेका थिए, 'संसद भवन छिर्ने हो ।' प्रहरीले निषेधित क्षेत्र प्रवेश नगर्न माइकिङ गरिरहेका थिए । आक्रोशित थियो भीड । प्रहरीलाई औंला ठड्याउदै त्यो भीडले गणतन्त्र पक्षधर नेताहरू विरुद्ध चर्को नारा लगायो ।

...मुर्दावाद !

...मुर्दावाद !

चैतले तातिएको सडकमा आन्दोलनको राप पनि मिसिएको थियो । त्यसपछि हामी राजावादीको कार्यक्रम स्थल मञ्च भएतर्फ अगाडि लाग्यौं । राजावादी आन्दोलनका नेताहरूले सम्बोधन गर्ने तयारी हुँदै थियो ।

उद्घोषकले चर्का चर्का र भड्किला अभिव्यक्ति दिइरहेका थिए । यहि बीचमा तीव्र गतिमा एउटा गाडी बानेश्वरतर्फ हुइँकियो । प्रहरीलाई नै किच्नेगरी गाडी गुडाइएको थियो । गाडीको रफ्तार हेर्न नसकिने थियो । 'कति मान्छे सोतर भए होला,' आँखा चिम्म पारेँ । मन चिसो भयो ।

संयोग त्यो गाडीबाट मानवीय क्षति हुन पाएन । गाडीभित्र बसेका आन्दोलनका कमान्डर चिच्याइरहेका थिए, 'आओ आओ अगाडि आओ !' प्रसाई चढेको गाडीले निषेधित क्षेत्र प्रवेश गऱ्यो । प्रहरीले गाडिलाई रोक्ने प्रयास गऱ्यो तर सकेन । तीव्र गतिमा गुडिरहेको गाडीलाई अघिल्लो लेयरका प्रहरी बाटो छोड्न बाध्य भए । बाटो छोडेर प्रहरीले ज्यान जोगाए ।

दोस्रो लेयरतिर पुगेपछि प्रहरीले प्रसाईको गाडीको चाबी खोस्न खोज्यो । गाडीमा प्रहरीले लठ्ठी प्रहार गऱ्यो । भीडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गऱ्यो । त्यसपछि प्रहरीलाई तथानाम गाली गर्दै प्रसाईं निषेधित क्षेत्रबाट कार्यक्रम स्थलतर्फ फर्किए । उत्तेजित बनेको भीडलाई नियन्त्रणमा लिन प्रहरीले दर्जनौं सेल अश्रुग्यास प्रहार गर्नुपऱ्यो । एकाएक तीनकुने क्षेत्र रणभूमीमा परिणत भयो । ज्यान जोगाउन हम्मेहम्मे पऱ्यो ।

तीनकुने क्षेत्रका घरहरू प्रदर्शनकारीको निशानामा परे । कोही चौरबाट ढुंगा सडकमा पुऱ्याउन थाले । कोही सडकबाट घरहरूमा ढुंगा प्रहार गर्न थाले । घरभित्र मानिसहरू थिए । घरको छतबाट भनिरहेका थिए, 'यहाँ प्रहरी छैनन् । ढुंगा नहान्नुहोस ।'

तर, प्रदर्शनकारीले घरमा प्रहार गर्न छोडेन । हेर्दाहेर्दै घरहरू क्षतिग्रस्त भए । घर हेर्न लायक रहेनन् । प्रदर्शनकारीले र पनि घरमा आक्रमण गर्न छोडेनन् । घरका सिसाहरू एकैछिनमा छिया-छिया भए । तीनकुने मैदानको वारि र पारी दुवैतिरका घरहरूको सिसा फोरिए । मानिसको भागाभाग भयो । ज्यान जोगाउन हम्मेहम्मे पऱ्यो । घर तोडफोड भएको क्षेत्रमा प्रहरी समयमै आइपुग्नै सकेन । स्थिति नियन्त्रणभन्दा बाहिर गयो ।

मार्बल हाउसको घरभित्रै प्रदर्शनकारी छिरे । दोस्रो तेस्रो तलाबाट क्यालेन्डर र कागजात फालेर घरको पेटीमा आगो लगाए । माथिबाटै कोठाभित्रका फर्निचर सडकमा फालेर जलाइयो ।

'अब घर बालौं । भित्र आगो लगाऔं,' चर्को चर्को स्वरमा प्रदशर्नकारी भनिरहेका थिए । माथिबाट कागजात फाल्दै अन्दोलनकारी सडकमा उफ्रिरहेका थिए । कसैको हातमा रड, कसैकोमा ढुंगा त कसैकोमा लठ्ठी थियो । उनीहरूले एकपछि अर्को सार्वजनिक र निजी सम्पत्तिमाथि आक्रमण गरिरहे ।

तलबाट हामीले देखिरहेका थियौं एभिन्युज टेलिभिजनमा कार्यरत पत्रकार सुरेश रजक घरको भित्र पसेर भिडियो खिचिरहेका थिए । आक्रोशित अनियन्त्रित भीडले घर भित्रै आगो लगाए । अघिसम्म घरको पेटीमा कागजात र फर्निचर जलिरहेको थियो । अहिले पूरै घर दन्किन थाल्यो । केहीले भागेर ज्यान जोगाए । मानिस तल झर्दै थिए । सुरेश रजक प्रदर्शनकारीको हर्कत क्यामेरामा कैद गरिरहेका थिए । उनी निस्कन भ्याएनन्, हुरहुर्ती दन्भिएको आगोले क्षणभरमै उनको प्राण लियो ।

आगो निभाउन एपीएफको गाडी आएको थियो । तर, प्रदर्शनकारीले निभाउन दिएनन् । 'हान हान मार मारझको आवाज आइरहेको थियो । पानीको फोहोरा हानेर आगो निभाउने प्रयासमा रहेको सुरक्षाकर्मीलाई ताकेर गाडीमा ढुंगामुढा प्रहार भइरह्यो । प्रहरीको गाडी आगो निभाउन छाडेर भाग्न बाध्य भयो ।

आगो लागेको घर नजिकै एउटा चेपमा १०-१२ जना प्रहरी थिए । उनीहरूमाथि ढुंगामुढा प्रहार भयो । केही घरभित्रको चेपमा छिरे । ३-४ जना इट्टा भएको चेपमा परे । दायाँबायाँ भाग्ने ठाउँ नै थिएन । एक महिला प्रहरी रोइरहेकी थिइन । 'नहान नहान,' दुई हात जोडेर प्रहरी भनिरहेका थिए । प्रहरीको चित्कार आन्दोलनकारीले सुनेन । प्रहरी महिला धुरुधुरु रुँदै थ्याच्चै भुइँमा बसिन् ।

तर, ढुंगा प्रहारको क्रम रोकिएन । हात उठाएर प्रहरीले याचना मागिरहे । प्रदर्शनकारीले ढंगा प्रहार गरिरहे । अरुलाई सुरक्षा दिने प्रहरी नै असुरक्षित बने ।

त्यहीबीचमा मैले एक युवाको हातमा बन्दुक देखें । अश्रुग्यासका सेलन प्रहार गर्ने गन थियो त्यो । बन्दुक बोकेर ती युवा तीनकुने चौरभित्र छिरे । बन्दुक बोकेका युवालाई पछ्याउँदै म पनि चौर तिरै लागेँ ।

'कहाँबाट ल्याएको बन्दुक ?,' मैले सोधेँ । 'प्रहरीको खोसेको,' बन्दुक म भएतिर तेर्साउँदै उनले भने । फोटो र भिडियो खिच्न थालेपछि ती युवाले नखिच्न भन्दै धम्की दिए ।

त्यही बीचमा पछाडीबाट एक हुल आन्दोलनकारी आए । बन्दुक बोकेको फोटो भिडियो नखिच भन्दै मलाई हुत्याइदिए । 'सीआईडी हो । ठोक-ठोक,' भीडबाट आवाज आइरहेको थियो ।

त्यहीक्रममा प्रहरीले प्रहार गरेको अश्रुग्यासको सेल छेउमै आइपुग्यो । भीड तितरवितर भयो । त्यसपछि उनीहरूले ममाथि आक्रमण गर्न पाएनन् । प्रहरीको हातबाट बन्दुक खोसिनुले नै प्रष्ट देखाउँथ्यो स्थिति कति भयानक भएको थियो । अराजक भीडसामू प्रहरी नै निरीह भएको देखिन्थ्यो । अमानवीय दृश्यले मन मुटु नै चसक्क हुन्थ्यो ।

चौरमा भागदौड मच्चियो । दुर्गा प्रसाईं र रवीन्द्र मिश्र लगायतले भीडलाई बानेश्वरतर्फ जाने उत्तेजित बनाए । राजावादी अभियानका संयोजक नवराज सुवेदी लगायतका नेताहरू त्यसअघि नै मञ्च छोडेर हिँडेका थिए ।

हातहातमा ढुंगामुढा रड डन्डी सहित प्रहरीतर्फ आक्रमण हुन थाल्यो । प्रहरीले पनि जवाफी कारबाही गऱ्यो । झडपमा कीर्तिपुरका २९ वर्षीय सबिन महर्जन ढले । आन्दोलन झन उग्र बन्यो । आन्दोलन हिंसात्मक बनेपछि प्रसाइले आन्दोलन सफल भएको भन्न भ्याए ।

यसबाट छर्लङ्ग हुन्छ कि उनी हिंसात्मक गतिविधि नै चाहन्थे । जनधनको क्षति भएकोमा उनलाई ग्लानी थिएन । बाटोमा हिडेका पैदलयात्रीहरूको रुवावासी थियो । डर र त्रासले यात्रुहरू त्रसित देखिन्थे । फेरि तीनकुने चौरमा रहेका आन्दोलनकरीले केही सञ्चार गृहको नाम लिँदै आगो लगाउने भन्दै भीडलाई उत्तेजित पार्न थाले । हेर्दा हेर्दै भीड अन्नपूर्ण र कान्तिपुरतर्फ अगाडि बढ्यो ।

सञ्चारगृह र पत्रकारहरू निशानामा थिए । त्यसैले भिरेका परिचयपत्र र लगाएका ज्याकेट खोलेर लुकाउनु पर्ने स्थिति बन्यो । प्रहरीतर्फ जाँदा कार्ड लगाउने । आन्दोलनकारीतर्फ आइपुग्दा लुकाउनु पर्ने स्थिति बन्यो ।

लामो प्रयासपछि आगो र तोडफोड गरेको क्षेत्र प्रहरीले नियन्त्रणमा लियो । त्यसपछि राजावादीको एउटा समूह कोटेश्वर बाट माओवादी कार्यालय र माधव नेपालको घरमा आगो बाल्ने भन्दै हिँड्यो । खुट्टामा चोट लागे पनि म तीनकुने क्षेत्रबाट अफिस आउने स्थिति थिएन । त्यसपछि पेरिसडाँडातर्फ लागें । पेरिसडाँडा नजिकै एउटा सरकारी गाडी देखियो । हेर्दा हेर्दै त्यो गाडी भीडको शिकार बन्यो ।

सडकका दुवैतर्फ घरहरू थिए । त्यही ठाउँमा आन्दोलनकारीले गाडीमा आगो सल्काए । त्यहीबीचमा चार पाँच जनाको एउटा समूह आयो र गाडी जलाउने समूहलाई लखेट्यो । गाडीको आगो निभाए । पेरिसडाँडा छिर्ने गल्लीमा भेला भएको समूह फर्किएर फेरि त्यो सरकारी गाडीमा आगो लगायो । बस्तीको बीचमा आगोको मुस्लो फैलियो । स्थानीयकै भागाभाग भयो । स्थानीय आतंकित भए ।

गल्लीमा राखिएका मोटर साइकल पनि भीडको निशानामा परे । माओवादी कार्यालयलाई भने सुरक्षाकर्मीले पहरा दिन भ्याए र जोगियो । पेरिसडाँडाका स्थानीय भनिरहेका थिए, 'राजाको आन्दोलन पनि यस्तो हिंसात्मक ? अराजक ? यसरी नि राजतन्त्र आउँछ ? नआउँदै त यस्तो छ, आयो भने के हुन्छ ?' 'नेताहरूको कुबुद्धिले हो,' एउटा पसलकी दिदी भनिरहेकी थिइन्, 'नेताले राम्रो नगर्दा यस्तो दिन आयो ।' त्यसपछि पेरिसडाँडाबाट झरेर तीनकुने प्रहरी चौकी नजिक पुगें । स्कुटी चौकी अगाडि राखेको थिएँ ।

खुट्टामा चोट लागेर पनि कोटेश्वर पेरिसडाँडा हुँदै झरेर तीनकुने चौकी नजिक पुगे । मुल सडकमा आइपुग्दा एकीकृत समाजवादीको कार्यालय जलिरहेको थियो । प्रहरीको टोली पुगेर आगो निभाउने प्रयास गरिरहेका थिए । अफिसबाट साथीहरूको बारम्बार फोन आइरहेको थियो, 'सुरक्षित रहनू' ।

भाटभटेनी तोडफोड भयो । जडिबुटी पनि तनावग्रस्त छ । एमाले कार्यालय नजिक गाडी जलाइयो । यी खबरहरू आउन थाले । त्यसपछि प्रहरीले माइकिङ गर्न थाले, 'कफ्र्यु लाग्दै छ आ-आफ्नो गन्तव्यमा चाँडो जानुहोस् । भीडभाड नगर्नुस् ।' त्यसपछि म स्कुटी चलाएर कार्यालय पुगें ।

कार्यालय पुगेर जुत्ता खोलेर हेर्दा खुट्टा सुन्निएको थियो । सहकर्मी साथीहरूले एभरेस्ट अस्पताल पुऱ्याए । एक्सरे गरेर हेर्दा खुट्टा भाँचिएको रिपोर्ट आयो । 'अप्रेसन नै गर्नु पर्ने हुन सक्छ । एक्सरेको मात्र भर पर्न हुँदैन । सीटी गरेर हेरम,' डाक्टरले सल्लाह दिए ।

सीटीको रिपोर्टले अप्रेसन गर्न नपर्ने देखायो । र, गोलीगाँठोमा प्लास्टर गरेर अस्पतालबाट राति डिस्चार्ज भएँ । म हिंसात्मक आन्दोलनको रिपोर्टिङको लागि गएको थिइन् । राजावादीको आन्दोलनमा नयाँ पुस्ता (जेनजी) आउँछ कि आउँदैन आए भने उनीहरू किन राजा चाहन्छन् भन्ने आवाज लिन गएको थिएँ । तर, जेनजी पुस्ताको खासै उपस्थिति थिएन । अराजक समूहको उपस्थिति थियो ।

अहिलेको पुस्ताले राजाको शासन देख्न पाएको छैन । कतै राजतन्त्र नै पो ठिक हो कि भन्ने आशयका अभिव्यक्ति अहिलेको पुस्ताबाट बेलाबखत सुनिने गरेको छ । शुक्रबारको राजावादीको आन्दोलनले राजतन्त्र कस्तो हुन्छ छर्लङ्ग देखाएको छ । अहिलेको पुस्तालाई राजतन्त्रबारे थप बुझाइ रहन आवश्यक देखिएन । रणमैदान बनेको तीनकुनेले जेनजीलाई जवाफ दिइरहेको प्रतीत हुन्थ्यो ।

*(स्रोत: अनलाइनखबर)*

# गञ्जीको विज्ञापनमा राजकुमार रावसँग निकिता



काठमाडौं/अभिनेत्री तथा पूर्वमिस नेपाल (२०१७) निकिता चाण्डक यतिबेला बलिउडमा करिअर बनाउन संघर्ष गरिरहेकी छन् । उनको निर्देशक सञ्जय लीला भन्सालीको फिल्म 'लभ एन्ड वार'बाट बलिउडमा प्रवेश पनि भइसकेको छ । यसमा रणवीर कपूर, आलिया भट्ट, विक्की कौशलजस्ता कलाकार छन् । गत साता उनले आफूले भन्सालीको प्रोजेक्टमा काम गरेको जानकारी गराएकी थिइन् ।

यतिबेला मुम्बईमा रहेकी उनले बलिउडका प्रख्यात अभिनेता राजकुमार रावसँग पनि स्क्रिन सेअर गर्ने अवसर पाएकी छन् । तर, फिल्ममा भने होइन । उनले भारतीय फेसन ब्रान्ड टीटीको एक विज्ञापनमा राजकुमारसँग काम गरेकी हुन् । टीटीले उत्पादन गर्ने गञ्जीको प्रवर्द्धनका लागि तयार पारिएको विज्ञापनको भिडियोमा उनलाई राजकुमारसँग नाइट क्लबमा नाच्दै गरेको देख्न सकिन्छ ।

क्लबभित्र राजकुमार टीटीको गञ्जी देखाउँदै नाचिरहेका हुन्छन् । उनको गञ्जी देखेर निकितासहित अरु पनि युवतीहरु सँगै नाच्न आइपुग्छन् । विज्ञापनको भिडियो हेर्दा उनलाई शोपिस मात्र बनाइएको देखिन्छ । तर, बलिउडमा करिअर बनाउन उनका लागि यो एउटा महत्त्वपूर्ण खुड्किलो भने हुनसक्छ । किनकि, उनले बलिउडमा आफ्नो प्रभाव छाडेका राजकुमारसँग काम गरेकी छन् ।

मिस नेपालको कार्यकाल सकिएपछि निकिताले फिल्म 'साङ्लो'बाट अभिनय करिअर सुरु गरेकी थिइन् । तर, फिल्म व्यावसायिक रुपमा सफल भएन । गत चैत १ गते उनी अभिनीत दोस्रो फिल्म 'राजागंज' प्रदर्शनमा आएको थियो । यो फिल्म पनि सफल हुन सकेन । यद्यपि, समीक्षकहरुले उनको अभिनयको खुलेर प्रशंसा गरेका छन् । अब उनको उद्देश्य बलिउडमा करिअर बनाउनु छ ।

# स्वस्तिमा, प्रियंका, आनासहितका सेलिब्रेटीको क्याटवाक



काठमाडौं/स्वस्तिमा खड्का, प्रियंका कार्की, नीति शाह, सृष्टि श्रेष्ठ, आना शर्मा, नम्रता श्रेष्ठ, प्रियंकारानी जोशी, समर्पणजंग कार्की, सविता कार्की, सोफिया भुजेल, आस्था पोखरेल लगायतका सेलिब्रेटी एउटै रनवेमा प्रस्तुत भएका छन् ।

१४औं संस्करणको जोय 'आइसी डिजाइनर रनवे' नामक फेसन शोमा उनीहरु शो-स्टपरको रुपमा आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत भए ।

जोय कस्मेटिक नेपालको प्रस्तुति रहेको शोमा ५० डिजाइनरको कलेक्सनलाई सेलिब्रेटीले १२ श्रृंखलामा प्रस्तुत गरे । भारतीय फेसन कोरियोग्राफर यतिन नरेन्द्र गान्धीको सहभागिता रहेको शो होटल याक एण्ड यतिमा सम्पन्न भएको थियो ।

नेक्स्ट मोडल्स नेपालले आयोजना गरेको शोको बाँकी संस्करण शनिबार सम्पन्न भएको छ । शोमा आइसी कलेजका सन् २०२३ को ब्याजका १०२ जना विद्यार्थी डिजाइनरले तयार पारेका फरक-फरक पहिरनका डिजाइन २५ सिक्वेलमा प्रस्तुत हुनेछन् । आयोजक आइसी कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले शोको उद्देश्य नेपालका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनु रहेको बताइन् ।

# जुकाले गालामा टोकाएर थेरापी गरेपछि एलिना : मनको डर हटाउन खोजेकी हुँ



काठमाडौं/गायिका एलिना चौहान प्राय:जसो मिडियाको 'लाइमलाइट'मा हुन्छिन् । श्रीमानसँग सम्बन्धविच्छेद पछि उनी मेला महोत्सवमा प्रस्तुति दिन ब्यस्त रहिन् । उनको सहकार्य रहेको गीत 'दुश्मन हेरेको हेर्‍यै' युट्युबको ग्लोबल ट्रेन्डिङमा छ ।

यतिबेला भने एलिना नयाँ कुराले चर्चामा छिन् । जुकाले गालामा टोकाएर थेरापी गरेको उनको रिल्स भिडियो सामाजिक संजालमा भाइरल छ । उनको यो भिडियो ट्रोल बनिरहेको छ ।

आफूलाई जुकादेखि डर लाग्ने भएकाले त्यो डरलाई हटाउन भएपनि जुकालाई गालामा टोकाएर थेरापी गरेको उनले बताएकी छन् ।

डण्डीफोरमा जुका हालेर उनले थेरापी गरेको भिडियो सामाजिक संजालमा हेर्न सकिन्छ । 'मलाई सानैदेखि जुकाहरूदेखि एकदमै डर लाग्थ्यो । आफ्नो मनको फियर भगाउन मैले यो थेरापी गर्न खोजेको हुँ । यसले स्किन पनि राम्रो गर्छ । फोहोर ब्लडहरू खान्छ' एलिना भन्छिन्, 'खिलहरू पनि खान्छ रे । मेन भनेको आफ्नो मनमा जे जे कुराको डर छ नि, त्यो कुराहरू हटाउन ट्राइ गरेको हो । यो चाहिँ नयाँ ट्राइ हो । मलाई चाहिँ डर लाग्न छाडिसक्यो ल ।'

एलिना पछिल्लो समयकी डिमान्डेड गायिका हुन् । यो समाचार लेख्दासम्म एलिना युट्युब म्युजिकमा एलिना यो महिना युट्युब म्युजिकमा नेपालभित्र धेरै सुनिने नेपाली गायिका हुन् । अरजित सिंह र अल्का यागनिकपछि उनी तेस्रो स्थानमा छिन् । चौंथोमा दुर्गेश थापा छन् ।

## आईपीएल २०२५ :

# आईपीएलमा गुजरातको पहिलो जित, मुम्बईको लगातार दोस्रो हार



काठमाडौं/गुजरात टाइटन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) २०२५ मा पहिलो जित निकालेको छ । शनिबार भएको खेलमा गुजरातले मुम्बई इन्डियन्सलाई ३६ रनले हराएको हो ।

अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा गुजरातले दिएको १९७ रनको लक्ष्य पछ्याएको मुम्बईले २० ओभरमा ६ विकेट गुमाएर १६० रन मात्र बनाउन सक्यो । सुर्यकुमार यादवले सर्वाधिक ४८ रन बनाए । तिलक वर्माले ३९ रन बनाए ।

ओपनरद्वय रोहित शर्मा ८ तथा रायन रिकेल्टन ६ रनमै मोहम्मद सिराजको बलमा आउट भएपछि सुर्यकुमार र तिलक मिलेर साझेदारी बनाउँदा मुम्बई १० ओभरमा ८६-२ को अवस्थामा थियो ।

त्यसपछि बलिङमा आएका प्रसिद्ध कृष्णाले शानदार स्पेल गरेपछि गुजरातले दबाब बढाएको थियो । १२औं, १४औं, १६औं र १८औं ओभर गरेका उनले १८ रन मात्र दिएर २ विकेट लिए । त्यसबीचमा साइ किशोरले पनि राम्रो बलिङ गरे ।

सिराज र प्रसिद्धले २-२ विकेट लिए भने साइ किशोर र कगिसो रबाडाले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको गुजरातले २० ओभरमा ८ विकेट गुमाएर १९६ रनको प्रतिस्पर्धात्मक स्कोर खडा गरेको थियो ।

गुजरातका लागि साई सुदर्शनले सर्वाधिक ६३ रन बनाए भने जस बटलरले ३९ तथा कप्तान शुभमन गिलले ३८ रनको योगदान दिए । शेरफान रदरफोर्डले १८ रन बनाए ।

बलिङतर्फ मुम्बईका हार्दिक पाण्ड्याले २ विकेट लिँदा मुजीब उर रहमान, दीपक चहर, ट्रेन्ट बोल्ट र सत्यनारायण राजुले १-१ विकेट लिए । योसँगै २ खेलमा २ अंकसहित गुजरात अंकतालिकामा तेस्रो स्थानमा उक्लिएको छ भने लगातार दुई खेलमा पराजित मुम्बई अंकविहीन रहँदै नवौं स्थानमा छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदर्शनको नाममा व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण निन्दनीय : उद्योग वाणिज्य महासंघ

काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघले हालै काठमाडौंमा भएको आन्दोलन/ प्रदर्शनका क्रममा भएको हिंसात्मक घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै यस्ता गतिविधिको निन्दा र भर्त्सना गरेको छ ।

महासंघले आन्दोलनका क्रममा सर्वसाधारण र उद्यमी व्यवसायीको पेसा व्यवसाय गर्न पाउने नैसर्गिक अधिकार हनन हुनुका साथै निजी र सार्वजनिक सम्पत्तिमा आक्रमण, लुटपाट, आगजनी जस्ता घटनाहरूले गम्भीर क्षति पुऱ्याएकोप्रति चिन्ता व्यक्त गरेको छ ।

चैत्र १५ गते काठमाडौंमा भएको आन्दोलनका क्रममा धनजनको ठूलो क्षतिका साथै मानवीय जीवनमा समेत दुखद क्षति पुगेको उल्लेख गर्दै महासंघले ज्यान गुमाएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ। विज्ञप्तिमा पीडित परिवारहरूप्रति समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गरिएको छ ।

महासंघले आन्दोलनका क्रममा सर्वसाधारणको निजी सम्पत्ति, मिडिया हाउस, व्यवसायिक प्रतिष्ठान, कार्यालय र अन्य व्यापारिक गतिविधिहरूमा भएको आक्रमण, आगजनी र लुटपाटका घटनाप्रति खेद व्यक्त गर्दै यस्ता हिंसात्मक गतिविधिको विरोध गरेको छ। साथै, घटनाबाट पीडितहरूले उचित क्षतिपूर्ति पाउनुपर्ने माग पनि महासंघले अगाडि सारेको छ।

महासंघले संविधानले दिएको अधिकारभित्र रही शान्तिपूर्ण रूपमा माग राख्न सकिने भए पनि हिंसात्मक आन्दोलन, लुटपाट, आगजनी, धनजनको क्षति र व्यक्तिगत सम्पत्तिमाथिको आक्रमण निन्दनीय रहेको जनाएको छ। यस्ता घटनाहरूको पुनरावृत्ति रोक्न र सार्वजनिक सुरक्षा सुनिश्चित गर्न महासंघले सम्बन्धित निकायलाई आवश्यक कदम चाल्न आग्रह गरेको छ ।

महासंघले समाजमा शान्ति, सुरक्षा, र स्थायित्व कायम गर्न सबै पक्षलाई संयमित रहन र हिंसाबाट टाढा रहँदै समस्याहरूको समाधान संवाद र समझदारीबाट खोज्न अपिल गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मिडियामाथि आक्रमणको प्रेस सेन्टर मकवानपुरद्वारा भर्त्सना

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ राजावादी आन्दोलनको नाममा रिपोर्टिङमा रहेका एभिन्युज टेलिभिजनका क्यामेरापर्सन पत्रकार सुरेश रजकलाई २०८१ चैत १५ गते जिउँदै जलाएर गरिएको हत्याको घटनाको प्रेस सेन्टर मकवानपुरले घोर निन्दा गरेको छ ।

सेन्टरका अध्यक्ष एमपी शर्माले शनिबार बिज्ञप्ती जारी गर्दै यस प्रकारको हत्याको प्रेस सेन्टर नेपाल मकवानपुर घोर भत्सर्ना गर्दछ भनिएको छ । कान्तिपुर टेलिभिजन, अन्नपूर्णपोष्ट दैनिकको कार्यालय तोडफोड गर्ने, विभिन्न सञ्चार गृहका सवारीसाधन, सञ्चार सामग्रीको तोडफोड गर्ने घटनाप्रति प्रेस सेन्टर मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको बताइएको छ ।

'आन्दोलनको रिपोर्टिङमा सहभागी भइरहेका श्रमजीवि पत्रकार लाई जिउँदै जलाउँने, सञ्चार गृहमाथि आक्रमण गर्ने, सञ्चार गृहका सवारीसाधन तोडफोड गर्ने कार्य मानवअधिकार, कानुनी राज्य र प्रेस स्वतन्त्रताको गम्भीर उलंघन हो' बिज्ञप्तीमा भनिएको छ । 'संघीय लोकतान्त्रिक गणतन्त्रको विरुद्ध र जनताले इतिहासको रद्धूयानमा मिल्काइसकेको राजतन्त्र स्थापनाको दुषितस्वप्नमा गरिएको कथित राजावादीको आन्दोलन आफैंमा जनविरोधी र परिवर्तनविरोधी त छदैंछ, आन्दोलनका नाममा गरिएको वितण्डा, व्यक्तिहत्या, निजी र सार्वजनिक सम्पत्तिको तोडफोड र आतंक निन्दनीय र भर्त्सना योग्य छ' बिज्ञप्तीमा उल्लेख छ ।

प्रेस सेन्टर मकवानपुरले राजवादीको आन्दोलनको नाममा आगलागी गराई हत्या गरिएका पत्रकार सुरेश रजकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजन र प्रेस जगतमा गहिरो समवेदना व्यक्त गरेको छ । सेन्टरले कथित आन्दोलनको नाममा अराजकता मच्चाउने र गुण्डागर्दी गरी आतंक मच्चाउने र पत्रकारको हत्या गर्ने दोषीमाथि कडा कानुनी कार्बाहीको लागि सरकारसँग जोडदार माग गरेको छ ।

# हेटौंडामा चैत १८ मा जागरणसभा गर्दै नेकपा एमाले




साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेकपा एमाले मकवानपुरले चैत्र १८ गते (सोमबार) हेटौंडामा बृहत जागरण सभा आयोजना गर्दैछ ।

लोकतान्त्रिक गणतन्त्रको संरक्षण र सम्वर्द्धनका लागि एमाले मकवानपुरले विशाल जागरणसभा आयोजना गर्न लागेको अध्यक्ष श्रीधर पोखेलले जानकारी दिए । जागरण सभाको तयारी तीव्र भइरहेको उनले बताएका छन् । जिल्लाका १० वटै पालिकाबाट नेता, कार्यकर्ताहरु हेटौंडामा उतार्दै गणतन्त्रको पक्षमा जागरण गराउने योजनामा एमाले रहेको हो । जागरणसभा हेटौंडाको बुद्धचोकमा हुनेछ ।

जागरणसभा भन्दा अगाडि हेटौंडाको चार स्थानबाट विशाल र्‍याली निकालिने भएको एमाले मकवानपुरका अध्यक्ष पोखेलले जानकारी दिए । सोमबार बिहान १० बजे पूर्वमा सानोपोखरा, पश्चिममा हेटौंडा हस्पिटल, उत्तरमा चौकीटोल ओरालो र दक्षिणमा फरेष्ट्र गरी चार स्थानबाट र्‍याली निस्किने उनले बताए ।

गणतन्त्रको संरक्षण र सम्बर्द्धन तथा राष्ट्रिय स्वाधीनताको संरक्षणका लागि एमालेले जागरणसभा गर्न लागेको अध्यक्ष पोखेल बताउँछन् । यो जागरणसभा प्रतिगामी षड्यन्त्रकाविरुद्ध, पुनरुत्थानवादी र अराजकतत्वलाई सन्देशको रुपमा पनि रहने उनको भनाई छ ।

# प्रज्ञा-प्रतिष्ठानले माग्यो शोधमूलक लेखरचना

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ सामाजिकशास्त्र वार्षिक संगोष्ठी-२०८२ का लागि प्रज्ञा-प्रतिष्ठानले माग्यो शोधमूलक लेखरचना माग गरेको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठान अन्तर्गत सामाजिकशास्त्र विभागले अघिल्लो वर्षमा जस्तै यसवर्ष पनि सामाजिकशास्त्र वार्षिक संगोष्ठी-२०८२ आयोजना गर्ने भएको छ । 'नेपाली समाजका विविधताहरु' विषयमा २०८२ जेठ १६ र १७ गते प्रज्ञाप्रतिष्ठानमा हुने संगोष्ठीका लागि विभागले शोधमूलक लेखरचना माग गरेको हो । लेखकले नेपाली समाजका विविधताहरु भन्ने मुख्य विषयभित्र रही समावादउन्मुख अर्थतन्त्र, पर्यावरणको वैज्ञानिक विश्लेषण, सामाजिक विभेदले पारेको प्रभाव, भाषिक सांस्कृतिक पक्ष, वैज्ञानिक समाजवाद र संस्कृति, द्वन्द्व र शान्ति निर्माण प्रक्रियामा समाज, उत्पीडनले पारेका प्रभाव, समाजशास्त्रीय अध्ययनका नयाँ आयामलगायत विभिन्न ११ विधामा शोधमूलक लेखरचना पठाउन सक्नेछन् ।

यस्ता शोधमूलक लेखरचना तीन हजारदेखि चार हजार पाँच सय शब्दभित्र लेख्नुपर्ने विभागले जनाएको छ । संगोष्ठीमा भाग लिन चाहनेले इमेलमार्फत् आउँदो वैशाख १५ गतेसम्म लेखरचना पठाइसक्नु पर्नेछ । यसरी पठाइएको लेखरचना स्वीकृत भए-नभएकोबारे २०८२ वैशाख २५ गतेभित्र सूचनामार्फत् जानकारी दिइने सामाजिकशास्त्र विभाग प्रमुख प्राज्ञ डा.कौशिला रिसालले जानकारी दिइन् । लेखरचना नेपाली भाषामा पठाउनुपर्नेछ भने यसअघि अन्यत्र प्रकाशन-प्रसारण नभएको हुनुपर्नेछ ।

नेपाली समाजका विभिन्न विशेषता र विविधतामा आधारित रहेर भएका शोधमूलककार्यलाई प्रोत्साहन गर्न र सामाजिक विज्ञानको क्षेत्रमा थप ज्ञान निर्माण गर्न संगोष्ठी आयोजना गर्न लागिएको प्राज्ञ डा. रिसालको भनाइ छ । सामाजिक शास्त्रका क्षेत्रमा अध्ययन, अनुसन्धान मूलक कार्य गरिरहेका तथा यस क्षेत्रमा थप अध्ययन गर्न चाहनेका लागि संगोष्ठीले प्रोत्साहन पुग्ने विश्वास उनले व्यक्त गरिन् ।

# ट्याक्टरले च्यापिएर मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ हेटौंडामा ट्याक्टरले च्यापिएर चालकको ज्यान गएको छ । मृत्यु हुनेमा पर्साको जगरनाथपुर-४ हर पुरका १९ वर्षीय सद्दाम हुसेन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

उनको घटनास्थलमै मृत्य भएको हो । शनिबार बिहान ९:३० बजेको समयमा हेटौडा-१९ ज्यामिरे हेल्थपोस्ट नजिक भित्री सडकखण्डमा ज्यामिरे खोलाबाट ज्यामिरे हेल्थपोस्टर्फ जाँदै गरेको बा.प्र.२-०३-००१ त ४३७१ नं को बालुवा लोड बोकेको ट्याक्टर अनियन्त्रित भएको थियो ।

अगाडिको इन्जिनको भाग उठी दुर्घटना हुँदा च्यापिएर चालकको ज्यान गएको प्रहरीको भनाइ छ ।

# राजावादी आन्दोलन सम्हाल्ने राप्रपा प्रयास



काठमाडौं, १६ चैत/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले तीनकुने प्रदर्शन हिंसात्मक बन्नुमा सरकार नै जिम्मेवार रहेको निष्कर्ष निकालेको छ । शनिबार साँझ सम्पन्न केन्द्रीय कार्य सम्पादन समितिको बैठकले सरकारकै कारणले प्रदर्शन हिंसात्मक बन्न पुगेको निष्कर्ष निकालेको हो ।

'जसले जुन उद्देश्यका लागि आगजनी, तोडफोड र हिंसात्मक गतिविधि गरेको भएपनि निन्दनीय छ । राप्रपा हिंसाको विपक्षमा छ, हिंसात्मक गतिविधि स्वीकार्य हुन सक्दैन,' राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जारी गरेको वक्तव्यमा भनिएको छ, 'हिजोको घटना निम्त्याउन सरकार प्रमुख रुपमा जिम्मेवार छ ।'

बैठकपछि राप्रपा अध्यक्ष लिङ्देनले प्रदर्शन हिंसात्मक बन्दा देखिएका घटनाक्रमहरूले आशंका उत्पन्न गराएको बताएका छन् । शान्तिपूर्ण सभामा अश्रुग्यास हान्नु, प्रहरीले गोली चलाउनु, लुटपाट र आगजानी भइरहँदा त्यसलाई रोक्ने तदारुकता प्रहरी प्रशासनमा देखिनु लगायतका घटनाले सरकारको भूमिकामाथि प्रश्न उठेको अध्यक्ष लिङ्देनले बताए ।

यी घटनाक्रमहरू भन्दा पनि प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिलाई गम्भीर रुपमा लिनुपर्ने लिङ्देनको तर्क छ । 'प्रधानमन्त्रीले अघिल्ला दिन प्रतिकार गर्न आह्वान गर्नुभयो, हौसला दिनुभयो, बाघे झाप्पु दिनुपर्‍यो भनेर हौसला दिनुभएको थियो,' लिङ्दनले भनेका छन्, 'उहाँ हिंसा भड्काउने पक्षमा हुनुहुन्छ भन्ने त्यसबाट पनि प्रष्ट हुन्छ ।'

तीनकुने प्रदर्शन हिंसात्मक बनेको भने राप्रपाले स्वीकारेको छ । छानबिन समिति गठनको मागले पनि राप्रपाको स्वीकारोक्ति पुष्टि हुन्छ । 'राप्रपा यस घटनाको स्वतन्त्र र निष्पक्ष न्यायिक आयोग गठन गरी छानबिन गर्न माग गर्दछ', वक्तव्यमा लेखिएको छ । हिंसात्मक प्रदर्शनका क्रममा ज्यान गुमाएका सविन महर्जन र पत्रकार सुरेश रजकलाई शहीद घोषणा गर्नुपर्ने राप्रपाको माग छ ।

उनीहरूको ज्यान जानुमा पनि सरकारकै गल्ती रहेको राप्रपाको निष्कर्ष छ । सँगसँगै आफ्ना पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवल शमशेर जबराको पनि हिंसा भड्काउन गल्ती देखिए कारबाही गरिनुपर्ने राप्रपाका नेताहरूले बताएका छन् । तर तत्काललाई भने पक्राउ परेका मिश्र, जबरा सहितलाई रिहाइ गर्न राप्रपाले माग गरेको छ ।

छानबिन समितिले दोषी पहिचान गर्ने उनीहरूको तर्क छ । तीनकुने प्रदर्शनका नेतृत्व गरेका दुर्गा प्रसाईँबारे भने राप्रपाले वक्तव्यमा केही लेखेको छैन । जबकि राप्रपाकै नेताहरू मिश्र र जबरा प्रसाईँलाई नेता मानेरै तीनकुने प्रदर्शनमा उत्रिएका थिए । निषेधित क्षेत्र तोड्न र हिंसात्मक गतिविधिकै निम्ति समर्थकहरूलाई उक्साउन समेत मिश्र र जबरा पछि परेका थिएनन् । राप्रपाको बैठकमा देखिएको ठूलो चिन्ता भने पूर्व राजा ज्ञानेन्द्र शाह र राजावादी आन्दोलनप्रति देखिएको छ । ज्ञानेन्द्र शाहकै उक्साहटमा राजावादीहरूले हिंसात्मक गतिविधि गरेपछि सार्वजनिक रुपमा चर्को आलोचना भइरहेको छ । प्रमुख राजनीतिक दलहरूले पूर्वराजा ज्ञानेन्द्रलाई दोषी ठहर गरिरहेका छन् ।

राप्रपाको आजको बैठकले भने पूर्वराजालाई तीनकुने हिंसात्मक घटनामा जोडिएकोप्रति आपत्ति जनाएको छ । 'राजालाई जबर्जस्ती विवादमा ल्याउने र राजनीतिमा तान्ने कार्यको राप्रपा निन्दा गर्दछ', प्रवक्ता श्रेष्ठले जारी गरेको वक्तव्यमा भनिएको छ ।

**उग्रता प्रतित्यूत्पादक**

बैठक स्रोतका अनुसार पार्टीभित्रै रहेको उग्र शैली अहिले प्रतित्यूत्पादक बनेको नेताहरूले निष्कर्ष निकालेका छन् । आन्दोलन मार्फत् 'राज्य कब्जा' गर्दै राजतन्त्र फर्काउनुपर्ने उच्च मतकै कारण राजावादी आन्दोलनमाथि प्रश्न उठेको उनीहरूको निष्कर्ष थियो ।

'कतिपय नेताहरूले त जनप्रदर्शन राप्रपाको नियन्त्रणबाट बाहिर गइसक्यो पनि भन्नुभयो । तर पार्टीले त्यसलाई सम्हालेर अगाडि बढाउनुपर्छ भन्नेमा नेताहरूले विश्वास पनि राख्नुभयो', एक नेता भन्छन् । राप्रपामा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवल शमशेर जबराले आन्दोलनलाई उत्कर्षमा लगेर राजतन्त्र फर्काउनुपर्ने मत राख्दै आएका छन् । उनीहरूलाई विक्रम पाण्डे, जयन्त चन्द, कुन्ती शाही, विक्रमबहादुर थापा लगायतको समर्थन छ ।

तर तीनकुने हिंसात्मक प्रदर्शनपछि यी नेताहरू आज रक्षात्मक बने । बैठकमा सहभागी एक नेताका अनुसार मिश्र र जबरा लगायतप्रति नेताहरूले सहानुभूति प्रकट गरे । 'दुई साथीहरू प्रहरीको नियन्त्रणमा छन् । उनीहरूप्रति बैठकमा आवेग देखिन्न, छुटाउन बल गरौं भन्ने धेरैको बोली छ', ती नेता भन्छन् । उनका अनुसार आज बिहान राप्रपाका नेताहरू मिश्र र जबरालाई भेट्न भद्रकाली पुगेका थिए । बैठकले तत्काल रिहा नगरे आन्दोलन चर्काउने चेतावनी पनि दिएको छ ।

तर मुख्य जोड भने हिंसात्मक प्रदर्शनपछि रक्षात्मक बनेको राजावादी आन्दोलन र पूर्वराजा ज्ञानेन्द्रलाई सम्हालेर जाने निष्कर्षमा अध्यक्ष लिङ्देन देखिन्छन् । 'हिंसात्मक गतिविधि, आगजानी, तोडफोड, लुटपाट जस्ता गतिविधिले राजा फर्काउने आन्दोलन बद्नाम हुन्छ, राजा फर्काउन सकिदैन' लिङ्देन निकट एक नेता भन्छन्, 'जनताको विश्वास जितेर शान्तिपूर्ण बाटो भएरै हामी राजा सहितको प्रजातन्त्रको पक्षमा छौं । त्यसैअनुसार हाम्रो आन्दोलन अगाडि बढ्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# पूर्वराजा ज्ञानेन्द्र छानबिनमा तानिन सक्छन् ?



काठमाडौं, १६ चैत/ राजधानीको तीनकुनेमा शुक्रबार भएको राजावादीहरूको प्रदर्शन हिंसात्मक बन्दा दुई जनाको ज्यान गयो । प्रदर्शनकारीले सार्वजनिक सम्पत्ति, सञ्चारगृह, राजनीतिक दलको कार्यालय तोडफोन गरे । भाटभटेनी डिपार्टमेन्टल स्टोरमा लुटपाट गरे ।

घटनापछि प्रहरीले विध्वंशको योजना बनाएको आरोपमा राप्रपा नेता रवीन्द्र मिश्र, धवलशमशेर जबरा लगायतलाई पक्राउ गर्‍यो । राजावादीहरूको आन्दोलन समितिका संयोजक तोकिएका नवराज सुवेदीलाई प्रहरीले उच्च सुरक्षा निगरानीमा राखेको छ ।

प्रहरीले पक्राउ गर्न खोजेपछि राजावादी आन्दोलनको कमाण्डर तोकिएका दुर्गा प्रसाई फरार छन् । पूर्वराजा ज्ञानेन्द्रको उपस्थितिमा भएको भेलाले आन्दोलनको घोषणा गरेको भन्दै कतिपयले यो घटनामा उनलाई जिम्मेवार बनाइदिनुपर्ने अभिव्यक्ति दिएका छन् । पूर्वराजा ज्ञानेन्द्रलाई पक्राउ गरेर घटनाको अनुसन्धान अघि बढ्नुपर्ने भनी सामाजिक सञ्जालमा 'अरेष्टज्ञानेन्द्र' ह्यासट्यागमा अभियान चलेको छ ।

शक्रबारको प्रदर्शनअघि राजावादीहरूले कमाण्डर तोकेका दुर्गा प्रसाईंले बिहीबार निर्मल निवास पुगेर राजासँग सल्लाह गरेको र उनकै निर्देशनमा विध्वंश मञ्चाएको भन्दै कतिपयले अन्ततः ज्ञानेन्द्रलाई यसमा जिम्मेवार बनाउनुपर्ने अभिव्यक्ति दिएका छन् ।

काठमाडौं महानगर पालिकाले राजावादीहरूको प्रदर्शनका कारण काठमाडौंका विभिन्न सडकमा फोहोर भएको, सार्वजनिक सम्पत्ति तोडफोड भएको अनि दमकलमा क्षति पुगेको भन्दै ज्ञानेन्द्र शाहलाई नै करिव आठ लाख रुपैयाँ जरिवाना तोकेको छ ।

महानगरपालिकाले आन्दोलनको नेतृत्व गरेकोमा शाहलाई जिम्मेवार ठहर्‍याउँदै निर्मल निवासको ठेगानामा जरिवानाको पत्र पठाएको हो । महानगरपालिकाले 'निजी सम्पत्तिको क्षतिपूर्ति स्थानीय सरकारको क्षेत्राधिकार नभएको' भन्दै त्यसको पनि मूल्यांकन गरेर पूर्वराजा ज्ञानेन्द्रबाट असुल्न संघीय सरकारलाई घुमाउरो रुपमा चुनौती दिएको छ ।

आफैंले आन्दोलन गर्न उक्साएको, आन्दोलनले हिंसात्मक स्वरुप लिएको अवस्थामा पूर्वराजा ज्ञानेन्द्रलाई सहजै अनुसन्धानको दायरामा ल्याउन सकिने बताउँछन्, न्यायपरिषदका पूर्वसदस्य रामप्रसाद श्रेष्ठ । २०६२/६३ को जनआन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको नेतृत्वमा गठन भएको उच्चस्तरिय आयोगमा सदस्य भएका उनी अहिले ज्ञानेन्द्रलाई सहजै अनुसन्धानको दायरामा ल्याउन सकिने बताउँछन् ।

श्रेष्ठ भन्छन्, 'उनकै निवासमा बैठक बसेर उनकै कारण आन्दोलन अघि बढेकोमा विवाद छैन, उनकै नेतृत्वमा आन्दोलनका कमाण्डरहरू परिचालन भएको भन्ने आएपछि सत्यतथ्य पहिल्याउन पनि ज्ञानेन्द्रलाई अनुसन्धानको दयारामा ल्याउनुपर्छ ।' फौजदारी न्यायप्रणालीले अपराधिक क्रियाकलाप गर्नेहरूलाई मात्रै नभएर योजनाकारलाई समेत कसुरदार ठान्ने भएकाले पूर्वराजा ज्ञानेन्द्रलाई अनुसन्धानको दायरामा तान्नुपर्ने उनको राय छ ।

'उनी (ज्ञानेन्द्र शाह) घटनास्थलमा थिएनन्, तर योजना बनाउने बैठकमा सहभागी भएको भन्ने कुरा आएकाले सरकारले बोलाएर सोधपुछ गर्ने र संलग्न भेटिए त्यही अनुसारको कारबाही गर्नुपर्छ' वरिष्ठ अधिवक्ता समेत रहेका श्रेष्ठ भन्छन्, 'त्यतिबेला नै हाम्रो प्रतिवेदन अनुसार कारबाही गरेको भए यो अवस्था आउने थिएन । उन्मुक्ति दिएकाले यो अवस्था आएको हो ।'

छानविनको दायरामा नल्याउने तथा कुनै कारबाही पनि नगर्ने परिपाटीले गर्दा मानव अधिकार उल्लंघनका घटनामा संलग्नहरूको मनोबल बढेको बताउने श्रेष्ठ आगामी दिनमा यस्तै घटना हुन नदिन पनि अनुसन्धानको दायरामा ल्याउनुपर्ने बताउँछन् ।

अघिल्लो महिना २५ फागुनमा पोखराबाट काठमाडौं आउने क्रममा राजावादीहरूले ज्ञानेन्द्र शाहको भव्य स्वागत गरेका थिए । त्यो घटनाबाट हौसिएका उनले राजतन्त्र पुनर्स्थापनाको आन्दोलन चर्काउन समर्थकहरूलाई उक्साएका थिए ।

७ फागुनपछि उनका क्रियाकलापहरू आफ्ना समर्थकलाई उक्साउने र शान्तिपूर्ण वातावरण बिथोल्नमा केन्द्रित देखिन्थ्यो । त्यसै सिलसिलामा राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष एवं राजावादी नेता नवराज सुवेदी आन्दोलन परिचालन समितिका संयोजक तोकिए भने मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई कमाण्डर चयन गरियो । शुक्रबारको बितण्डा हुनुअघि प्रसाईंले निर्मल निवासमै पुगेर पूर्वराजा ज्ञानेन्द्रसँग सरसल्लाह गरेका थिए ।

शुक्रबारको प्रदर्शनमा पूर्वराजा ज्ञानेन्द्रको उक्साहटले पनि काम गरेको निष्कर्षका साथ राजनीतिक वृत्तमा पनि यसबारेमा छलफल र समीक्षा भएको छ । शुक्रबार मन्त्रिपरिषद्को बैठकमा बितण्डाका घटनामा पूर्वराजा ज्ञानेन्द्रको भूमिकाबारे छलफल गर्दै उनलाई कारबाहीको दायरामा ल्याउने विषयमा छलफल भएको थियो ।

पूर्वप्रधानमन्त्री प्रचण्डले शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा पूर्वराजा ज्ञानेन्द्रलाई छाडा हुने छुट नहुने चेतावनी दिए । 'जे भइराखेको छ, अब एकदम स्पष्ट भएको छ कि यसको पछाडि ज्ञानेन्द्र शाह नै हो,' उनले भने, 'सरकारले अपराधी सबैलाई छानबिन गरी कार बाहीको दायरामा ल्याओस् ।' पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि ज्ञानेन्द्रको भूमिकामा प्रश्न गरेका थिए ।

पत्रकार हरिहर विरही शुक्रबारको घटनामा तत्कालीन राजा ज्ञानेन्द्रको भूमिका देखिने कैयौं आधारहरू सार्वजनिक वृत्तमै उपलब्ध भएको बताउँदै उनलाई जवाफदेहिताको कठघरामा उभ्याउनुपर्ने बताउँछन् । राजावादी अभियान चलाइरहेका दुर्गा प्रसाईंले 'तपाईं चुपचाप निर्मल निवासभित्र बसिर हने, हामी सडकमा लडिरहने ?' भन्दै राजा ज्ञानेन्द्रलाई सडकमा निस्कन उक्साएका थिए । ७ फागुनमा ज्ञानेन्द्रले वक्तव्य दिएर आन्दोलनको वातावरण निर्माण गरेपछि तामझामका साथ काठाडौं फर्किने तयारी गरे । समर्थकहरूकै उत्साहटमा पोखराबाट फर्किदा सडक र्‍याली र स्वागतका बीच निर्मलनिवास पुगेका थिए ।

शुभचिन्तकहरूको भीड र समर्थनले उत्साहित ज्ञानेन्द्रले यसबीचमा पटकपटक आफ्ना समर्थकहरूसँग निर्मल निवासमा छलफल गरेका थिए । पूर्वराजाको सचिवालयमा रहेका डा. फणिराज पाठकहरू आन्दोलनलाई उत्तेजक बनाउन प्रेरक बनिरहे । त्यसपछि नवराज सुवेदीलाई संयोजक र दुर्गा प्रसाईंलाई कमाण्डर तोकिए ।

दोस्रो जनआन्दोलन दमनको घटनामा जाँचबुझ आयोगमा सदस्य भएर काम गरेका पत्रकार हरिहर विरही आन्दोलनमा ज्ञानेन्द्रको भूमिका केलाउन यी आधार पर्याप्त हुने बताउँछन् । 'आफूले आह्वान गरेको आन्दोलन हिंसात्मक हुँदा र व्यक्तिको ज्यान जाँदा समेत उनले नैतिक जिम्मेवारी लिएको देखिँदैन' विरही भन्छन्, 'यसबाट नै उनको रवैया र चरित्र स्पष्ट हुन्छ ।'

त्यसमाथि आन्दोलन हिंसात्मक वितण्डामा रुपान्तरिक भएपछि सिर्जना हुने दायित्वबाट पूर्वराजा ज्ञानेन्द्र विमुख हुन नसक्ने उनी बताउँछन् ।

'ज्ञानेन्द्रले आह्वान गरेको आन्दोलन हिंसात्मक घटनामा रुपान्तरिक भएको हो । आपराधिक क्रियाकलाप भएपछि नेतृत्व गर्नेमाथि अनुसन्धान त हुनैपर्छ,' विरही भन्छन्, 'अनुसन्धान गर्ने निकायले उनीमाथि छानविन गर्न र हिंसात्मक घटनामा संलग्न भेटिए कारवाहीको दायरामा ल्याउन ढिलाइ गर्न हुँदैन ।'

न्यायपरिषदका पूर्वसदस्य रामप्रसाद श्रेष्ठ आपराधिक घटनाका योजनाकार तथा मतियारहरूलाई अनुसन्धानको दायरामा ल्याउन सकिने भन्दै अब भने पूर्वराजा ज्ञानेन्द्रलाई उन्मुक्ति दिन नहुने बताउँछन् ।

'हिजो जनआन्दोलनको दमनमा मन्त्रिपरिषद् अध्यक्षको हैसियतले उनी दोषी हुन् । कानूनी कारबाही गर्नुपर्छ भनेर हामीले प्रतिवेदन दिएका थियौं,' श्रेष्ठ भन्छन्, 'त्यतिबेला कारबाही गरेको भए अहिले यस्तो हालत हुँदैनथ्यो । अब भने उनलाई अनुसन्धानको दायरामा ल्याउन र संलग्न देखिए कारबाही गर्न ढिलाइ गरिनुहुन्न ।'

*(स्रोत: अनलाइनखबर)*

# म्यानमारमा गएको भूकम्पमा १५ जना गैरआवासीय नेपालीको मृत्यु

काठमाडौं, १६ चैत/ म्यानमारमा गएको विनाशकारी भूकम्पमा परेर १५ जना गैरआवासीय नेपालीको मृत्यु भएको छ । गैर आवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष बद्री केसीले १५ जना गैरआवासीय नेपालीको मृत्यु भएको बताएका छन् ।

'विनाशकारी भूकम्पमा १५ जना गैरआवासीय नेपाली सहित म्यानमारका जनताको मृत्यु भएकोमा हामी अत्यन्तै दु:खी छौं', उनले शनिबार सामाजिक सञ्जाल फेसबुकमा उल्लेख गरेका छन् । गैरआवासीय नेपालीहरूको राहतका लागि संघको तर्फबाट एनसीसी म्यानमार मार्फत १० लाख रुपैयाँ सहयोगको घोषणा पनि उनले गरेका छन् ।

'हामी विश्वभरका सबै एनसीसीहरूलाई विनियोजन गरिएको कोषमा थप्न रकम संकलन कार्यक्रम सुरु गर्न अनुरोध गर्दछौं', उनले भनेका छन्, 'हामी साँच्चै विश्वभरका नेपालीद्वारा नेपालीको लागि योगदान गर्न चाहन्छौं।'

म्यानमारको सैन्य परिषद्ले शुक्रबारको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या १६४४ पुगेको जनाएको छ । सेनाले भूकम्पबाट घाइते हुनेको संख्या बढेर ३४०८ पुगेको र १३९ जना अझै बेपत्ता रहेको बताएको छ । भूकम्पको तीव्रता ७ दशमलव ७ थियो ।

## नवीकरण सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २५ औं वार्षिक साधारण सभा मिति २०८२ वैशाख ०६ गते हेटौंडामा हुन गईरहेको सहर्ष जानकारी गराउदछौ ।

साथै, यस संघमा दर्ता रहनु भएका निर्माण व्यवसायीहरुले यस संघको २५ औं वार्षिक साधारण सभामा सहभागी हुन मिति २०८१ चैत्र मसान्त सम्ममा २०८१/०८२ को अनिवार्य रुपमा यस संघमा नवीकरण गराईसक्नु पर्ने व्यवस्था भए अनुसार अनिवार्य रुपमा संघमा नवीकरण गर्नु गराउनु हुन हार्दिक अनुरोध गर्दछ ।


राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**
सम्पर्क नं.: ०५७-५२०८१६

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्धारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै
सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५११६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना